
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ३ गते बुधबार ❑ 18 Dec. 2024 ❑ पृष्ठ ४+२ ❑ मूल्य रू. ५।-


## संघीयता कार्यान्वयनसँग जोडिएका कानून बनाउँछौं : सभामुख

**पोखरापत्र संवाददाता**
पोखरा २ पुस



पोखरामा मंगलबारदेखि अन्तर व्यवस्थापिका सम्मेलन सुरु भएको छ। सम्मेलनमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा तथा प्रदेश सभाका पदाधिकारीको सहभागिता छ।

सम्मेलन उद्घाटन समारोहमा सम्बोधन गर्दै सभामुख देवराज घिमिरेलेसंसारमासंसदप्रभावकारी भएमात्रै सरकारले सेवा प्रवाहमा सुधार गर्ने गरेका उदाहरण रहेको बताउनुभयो। 'संघीयतालाई बलियो बनाउने कानून निर्माण गर्न संसदको प्रयत्न र प्रयास पर्याप्त रहे पनि परिणाम आउन सकेको छैन,' उहाँले भन्नुभयो।

सभामुख घिमिरेले लामो राजनीतिक आन्दोलनले धेरै व्यवस्थाहरू परिवर्तन गरेको बताउँदै अब निर्माणका लागि सबै शक्ति लगाउनुपर्नेमा जोड दिनुभयो । प्रमुख राजनीतिक शक्तिहरूले जिम्मेवारीबोध गरेर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले नागरिकको विकास आकांक्षा पूरा गर्नेतिर केन्द्रित हुन अपिल गर्नुभयो।

संघीयता कार्यान्वयनसँग जोडिएका कानूनहरू निर्माण गर्न ढिला भएको बताउँदै सभामुख घिमिरेले आगामी अधिवेशनमा ती विधेयक पारित गर्न संसदले सकारात्मक भूमिका निर्वाह गर्ने बताउनुभयो । 'आधार भूतरुपमा संघीयताको पक्षमा भएका र संविधान निर्माणमा योगदान गरेका दलहरू नेतृत्वमा रहेकाले संविधान अनुकूल निर्माण गर्नुपर्ने कानून बन्नेमा आशावादी बन्न सकिन्छ,' उहाँले भन्नुभयो।

सभामुखले संविधान संशोधनको बहसका बीच भएको संघीय संसद र प्रदेश सभासहितको सम्मेलन अर्थपूर्ण रहेको बताउनुभयो । उहाँले संघीय संसद र प्रदेश सभालाई प्रभावकारी बनाउन अन्तर व्यवस्थापिका सम्मेलन सफल हुने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले संघीयतालाई संस्थागत गर्न धेरै कानूनी प्रबन्ध र व्यवस्थापकीय कार्य बाँकी रहेको बताउनुभयो। प्रदेश सरकारले दिने डेलिभरीमा भएका समस्याबारे गम्भीर समीक्षा गर्नुपर्ने उल्लेख गर्नुभयो । 'कतिपय कानूनको अभावले संघ र प्रदेशबीच खाडल र अन्तरविरोध देखिएको छ,' उहाँले भन्नुभयो, 'संघीय सांसद र प्रदेश सांसदलाई भोट हाल्ने जनता नै अल्मलिने अवस्था छ ।' संघीयतालाई बलियो बनाउन सरकारमात्र होइन सभाहरूले समेत जिम्मेवारी पूरा गरे कि गरेनन् भनेर समीक्षा गर्न जरुरी रहेको अध्यक्ष दाहालको भनाइ छ । उहाँले विगतमा भएका अन्तर व्यवस्थापिका सम्मेलनले कानून निर्माण र संसदीय अभ्यासलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको धारणा राख्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधान अनुकूल कानून निर्माणको काम ढिला भएको त्यसका लागि संसदले समेत प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। 'जति संसद सक्रिय हुन्छ, त्यति नै सरकार जवाफदेही हुन्छ,' उहाँले भन्नुभयो।

मुख्यमन्त्री पाण्डेले कानून निर्माण गर्न सरकारमात्र होइन सांसद र संसद पनि जिम्मेवार रहेको बताउनुभयो । 'संसदलाई बिजनेस दिन संघीय संसद र स्वयं माननीयजीहरूले पनि कानून बनाउन बाध्य पार्न सक्दछन्,' उहाँले भन्नुभयो, 'हाम्रो कानून र विधिले त्यस्तो व्यवस्था गरेको छ ।' प्रदेश र स्थानीय तहका नागरिकहरूले गाउँमा सिंहदरवार नपाएपछि प्रश्न उठाउनु स्वभाविक भएको मुख्यमन्त्री पाण्डेको भनाइ छ । 'स्थानीय तहका जनताले प्रश्न उठाएको सुहाउँछ,' संघीय सांसदहरूलाई उहाँले भन्नुभयो, 'तर, बानेश्वरको संसद भवनमा बसेर गाउँ गाउँमा सिंहदरवार पुगेन भन्न सुहाउँदैन ।' संविधान बमोजिमका कानून दिएपछि पनि प्रदेश सरकारले काम गरेन भने प्रश्न उठाउन सकिने उहाँको भनाइ छ।

एमाले गण्डकी प्रदेश सभा संसदीय दलका नेता खगराज अधिकारीले प्रदेशमा अधिकार प्रत्यायोजन गर्न संघीय सरकारलाई आग्रह गर्नुभयो । 'संघीयतालाई बलियो बनाउन प्रदेशलाई चाहिने कानून संघीय सरकारले बनाउनै पर्दछ,' उहाँले भन्नुभयो, 'छोटो समयमा संघीयताको संरचना बनाएका छौं, तर कानून बनाउन ढिला भएको छ। त्यसैले प्रदेशले डेलिभरी दिन सकेका छैनन् ।'

राप्रपा गण्डकी प्रदेश सभा संसदीय दलका नेता पञ्चराम गुरुङले प्रदेश सभाहरू संघीय संसदको छायाँ भएको उल्लेख गर्नुभयो। गण्डकी प्रदेश सभाका उपसभामुख बिनाकुमारी थापाले संघीय संसद र प्रदेश सभाबीच अनुभव आदान प्रदान गर्ने कार्यक्रम सफल हुने विश्वास व्यक्त गर्नुभयो । तीन दिने सम्मेलनमा संघीय संसद तथा ७ वटै प्रदेश सभाका सभामुख, उपसभामुखसहितका पदाधिकारी सहभागी हुनुहुन्छ।

संविधान निर्माणपछि भएको निर्वाचनबाट निर्वाचित संघ र प्रदेश सभाका पदाधिकारीको सम्मेलन पहिलोपटक २०७५ साल भदौ ३ गते काठमाडौंको चन्द्रागिरिमा भएको थियो। २०८० फागुन ८ मा चितवनको सौराहामा भएको सम्मेलनमा सभामुख देवराज घिमिरेको प्रस्तावमा उक्त अनौपचारिक फोरमको नाम अन्तर व्यवस्थापिका मञ्च, नेपाल राखेको थियो । पोखरा सम्मेलन १० औं संस्करण हो।

## पोखरामा 'ड्रागन बोट रेस फेस्टिभल' हुने, प्रतियोगिताका बिजेतालाई २५ लाख पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा २ पुस




पोखरामा यही पुष १३ देखि दोश्रो संस्करणको 'ड्रागन बोट रेस फेस्टिभल' हुने भएको छ।

यही पुष १५ गतेसम्म पोखराको फेवातालमा हुने उक्त फेष्टिभलमा नेपाल, चिन र श्रीलङ्काका खेलाडीहरु सहभागि हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपाल स्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको सयुक्त आयोजनामा हुने प्रतियोगितामा नेपाल, चाइना र सिंङ्गापुरको एक टोली सहित २० टोलीको सहभागि हुने भएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनु भयो।

प्रतियोगितामा चिनबाट ८ टिम, सिंगापुरबाट १ र बाँकी ११ टिम भने नेपालका विभिन्न ठाँउबाट सहभागि हुने भएको उहाँले जनाउनु भयो । प्रतियोगितामा गण्डकी सहित बागमती, कर्णाली, त्रिभुवन आर्मी क्लव, ड्रगन बोर्ट गण्डकी, बेगनास टिम, रुपाताल टिम, नाराका सहितका नेपालका ११ टिमको सहभागिता हुने भएको हो । नेपाल र चीन बीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालको पर्यटन प्रबर्द्धन गर्न मद्धत पुग्ने गरी उक्त कार्यक्रम पोखरामा दोश्रो पटक गर्न लागिएको ५ सय र २ सय मिटरका बिजेता टीमलाई जनही ५ हजार अमेरिकी डलर, उपबिजेतालाई भने २ हजार डलर र तेश्रो हुने टिमलाई जनही १ हजार २ सय अमेरिकी डलर साथमा ट्रफी र मेडल प्रमाण पत्र वितरण गरिने भएको छ। पुरस्कारमा मात्र करिब २५ लाख खर्च हुने भएको छ। उक्त अवसरमा पोखरामा पोखरा सडक महोत्सव र हर्ट एयर वेलुन फेष्टिभवल समेत उक्त समयमा हुने भएको छ। उक्त प्रतियोगितामा सहभागि हुन चीनबाट खेलाडी सहित अफिसियलको १ सय २ ९ जनाको टोली चाटर्ड गरी विमान मार्फत पोखरा आउने तयारी भएको नेपालका लागि चिनिया दुतावासका कार्यवहाक राजदुत (डेपुटि चिफ अफ मिसन) वाङसिनले बताउनु भयो। उक्त खेल सहित पोखरामा हुने क्रस कन्ट्री दौड, लुम्बिनी म्याराथन लगायतका कार्यक्रममा आफुहरुले दुई देश बिचको मित्रतालाई कायम राख्न सहकार्य गर्दै आएको उहाँले बताउनु भयो। पोखराको खेल पर्यटन प्रबर्द्धनमा ड्रागन बोर्ट रेस कोषेढुंगा सावित भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराललले चिनिया पर्यटकहरु मध्य १/२ प्रतिशत मात्र नेपाल भित्राउन सके नेपालको लागि ठुलो उपलिब्ध हुने दाबी गर्नु भयो । पोखरा महानगरपालिकाका व्यवसायी प्रबर्द्धन केन्द्रका महाशाखा प्रमुख नवराज अधिकारीले पोखरामा आयोजना हुने प्रतियोगिताका बिजेता तथा उपबिजेतालाई अन्तराष्ट्रिय प्रतियोगितामा सहभागितगराउनपहलगर्ने जनाउनु भयो । बेगनास डुंगा व्यवसायी संघका अध्यक्ष रविराज कंडेलले पोखरामा आफ्नो पन झल्कने गरी स्थानिय डुंगा प्रतियोगिता समेत गर्न माग गर्नु भयो । आफुहरुले चाहेको समयमा ड्रागन वोर्ट नपाएको उहाँले गुनासो गर्नु भयो। गत बर्ष चाइनाले ८ वटा ड्रगन बोर्ट उपहारको रुपमा दिएको थियो भने यस बर्ष पनि अत्याधुनिक थप ८ वटा ड्रागन वोर्टहरु दिएको छ। यस बर्ष दिएको ड्रागन बोर्ट भने अन्तराष्ट्रिय प्रतियोगताको लागि मात्र प्रयोग गरिने भएको महानगरले जनाएको छ । गत बर्ष बेगनासमा आयोजना भएको राष्ट्रिय ड्रागन बोर्ट रेसमा विजेता टोलीले चिनमा आयोजना भएको प्रतियोगितामा नेपालको टिमको प्रतिनिधित्व गर्दै ४ वटा इभेण्टमा स्वर्ण पदक ल्याउन सफल भएको थियो।

## रास्वपा सभापति लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अनुमति

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न कास्की जिल्ला अदालतले अनुमति दिएको छ।

जिल्ला अदालतका न्यायाधीश हिमलाल बेलवासेको इजलासले लामिछानेलाई हिर ासतमा राख्न आठौं पटक म्याद थप गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता वसन्तकुमार शर्माले अदालतबाट म्याद थप भएको जानकारी दिनुभयो।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारीको रकम अपचलन गरेको अभियोगमा गोरखा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक समेत रहनुभएका लामिछाने गत कार्तिक २ गते काठमाडौंबाट पक्राउ पर्नुभएको थियो । सभापति लामिछाने, सूर्यदर्शन सहकारीका संस्थापक गितेन्द्रबाबु राई (जिवी) सहित ६५ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहित प्रहरीले प्रतिवेदन बुझाएको हो । प्रहरीले अनुसन्धान सकेर प्रतिवेदन बुझाए पनि जिल्ला सरकारी वकिलको कार्यालयले हालसम्म अदालतमा मुद्दा दर्ता गरेको छैन।

सभापति लामिछाने विरुद्ध रुपन्देही, काठमाडौं, चितवन र पर्सामा समेत सहकारीको रकम अपचलन गरेको जाहेरी परेकाले प्रहरीले ती स्थानमा समेत लगेर बयान लिइएको थियो।


## नेपाल एमाले पोखरा ९ वडा कमिटीको अध्यक्षमा सरस्वती श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा २ पुस



नेपाल कम्युनिस्ट पार्टी एमाले पोखरा ९ वडा कमिटीको शुक्रबार भएको दोस्रो वडा अधिबेशनले सरस्वती श्रेष्ठको अध्यक्षतामा ३३ सदस्यीय नयाँ कमिटी चयन गरेको हो।

वडा कमिटीको उपाध्यक्षमा बाबुराम श्रेष्ठ, सचिवमा कृष्ण परियार, उपसचिवमा ध्रुव बहादुर थापा र लेखमाया थापा सर्वसम्मत चयन भएका छन्। वडा अधिबेशन कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले केन्द्रिय सदस्य तथा गण्डकी प्रदेश सभा पुर्व सदस्य प्रभा कोइरालाले उद्घाटन गर्दै नेकपा एमालेका कार्यकर्ता जनताको समस्यालाई आफ्नो मानेर साथ र सहयोग गर्नु पर्ने बताइन् । सो अबसरमा नेकपा एमाले गण्डकी प्रदेश कमिटीका सचिवालय सदस्य चन्द्रबहादुर रोका, कास्की जिल्ला सदस्य कमल बहादुर श्रेष्ठ, पोखरा महानगर कमिटी अध्यक्ष जिवन आचार्य, सदस्य जगदीश खनाललगाएतले बोलेका थिए । पोखरा ९ वडा कमिटी अध्यक्ष प्रेमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत केशव भुजेलले र संचालन कृष्ण परियारले गरेका थिए।

# नारी शक्ति जागरण आमा समुहमा लम्साल

**पोखरापत्र संवाददाता**
पोखरा २ पुस



नारिशक्ति आमा समुह पोखरा १७ को पाँच साधारण सभा एवम् तेश्रो अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले राधादेवी लम्सालको अध्यक्षक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ।

दुई बर्षे कार्यकाल रहेको समितिको उपाध्यक्षमा पूर्णकला बास्तोला पोखरेल, सचिव सरस्वती नेपाल सुवेदी, सहसचिवमा सरस्वती लम्साल, कोषाध्यक्ष मञ्जु क्षेत्री, सहकोषाध्यक्षमा हरिकमल केसी निर्वाचित हुनु भयो। त्यसै गरि समुहको सदस्यहरुमा जोती शेरचन, दुर्गा पौडेल, अप्सरा गोदार,डिममाया कार्की, सुजिता पराजुली, सरास्वती अधिकारी, सिता पौडेल क्षेत्री, सरास्वती सुवेदी, गिता विक रहनुभएको छ। पोखरा महानगरपालका वडा नं. १७ का वडाध्यक्ष राधिका शाही योगीले अधिवेशनको उद्घाटन गर्दै समाजका विकृति विसंगतीको विरुद्धमा आमाहरु संगठित भएर अघि बढ्नु पर्ने बताउनुभयो।

समुहका प्रत्येक गतिविधिमा वडाको सहयोग रहने विश्वास व्यक्त गर्दै उहाँले अवका आमाहरु आयआर्जनका कार्यक्रमसंग जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो। वडामा ५५ वटा आमा समुह रहेका छन्। गैरसरकारी संस्था महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले आमाहरु नेतृत्व विकासका गर्दै उत्पादनसंग जोडिने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने खाँचो औल्याउनुभयो। सञ्चारकर्मी हरि बास्तोलाले आमा समुहको माध्येमबाट महिला नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुगेको बताउँदै स्थानीय तहका जनप्रतिनिधि त्यसका उदाहरण बनेको उहाँको भनाई थियो। कार्यक्रममा समुहमा आवद्ध जेष्ठनागरिक एवम् विभिन्न तहमा सर्वोत्कृट अंक ल्याउने छोराछोरीलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो। समुहकी अध्यक्ष प्यारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा समुहका संस्थापक अध्यक्ष शिशिर गोदार, सल्लाहकार एवम् सामाजिक व्यक्तित्व लिलबहादुर जिसी, शुभकामना आमा समुहका अध्यक्ष पार्वती खड्का, हिमाली पवित्र आमा समुहका अध्यक्ष सावित्री अर्याल, घारीपाटन टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र क्षेत्री, सम्मानित विद्यार्थी विनिसा श्रेष्ठले आमा समुहले खेल्दै आएको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो।

# महिला यु-१९ एसिया कप : नेपाल 'सुपर फोर'मा

**रासस**
काठमाडौं २ पुस

मलेसियामा जारी महिला यु-१९ एसिया कपमा नेपाल र भारतबीचको आजको खेल वर्षाका कारण रद्द भएको छ। खेल रद्द भएसँगै दुवै देशले एक एक अङ्क बाँडेका छन्।

दुवैको तीन तीन अङ्क भए पनि रनरेटका आधारमा भारत समूह 'ए' को विजेता तथा नेपाल उपविजेता बनेको छ। दुवै देश 'सुपर फोर'मा प्रवेश गरेका छन्। यही समूहमा रहेको पाकिस्तान दुवै खेलमा पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएको छ। 'सुपर फोर'मा नेपालले अब बिहीबार श्रीलङ्कासँग तथा शुक्रबार बङ्गलादेशसित खेल्ने छ।

मलेसियाको क्वालालम्पुर स्थित बायुमास ओभल क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९४ रन बनायो। जितका लागि ९५ रनको लक्ष्य पछ्याउने क्रममा भारतले तीन दशमलव एक ओभरमा बिनाकुनै विकेट २८ रन बनाउँदा वर्षाका कारण खेल रद्द भएको थियो। यसअघि नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक २५ रन बनाइन्। उनले ४० बल खेल्ने क्रममा तीन चौका प्रहार गरिन्। यस्तै, एलिशाकुमारी यादवले अविजित २० रन बनाइन्। साना प्रवीनले नौ, सोनी पाख्रिनले आठ, ज्योत्स्निका मरासिनीले ६, सावित्री धामी र रचनाकुमारी चौधरीले तीन/तीन तथा अनु कडायत र कुसुम गोदारले एक/एक रनको योगदान दिए। बलिङतर्फ भारतकी पारुनिका सिसोदियाले सर्वाधिक ४ विकेट लिइन्। यस्तै, आनन्दिता किशोर र मिथिला विनोदले समान एक/एक विकेट लिए। यसअघि नेपालले पहिलो खेलमा सोमबार पाकिस्तानलाई ६ विकेटले पराजित गरेको थियो।

# रामघाटमा हुने बास्केटबलको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा २ पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा आयोजना हुने पहिलो संस्करणको खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको तयारी पूरा भएको छ।

चैंपरे लेम भाईखलक घान्द्रुकको आयोजनामा (भोलि) पौष ३ गतेदेखि ६ गतेसम्म पोखरा १० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा हुने प्रतियोगिताको तयारी पूरा भएको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए। उनका अनुसार खुला पुरुषतर्फ १७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको छ। उनले उद्घाटन खेलमा बेगा र कास्की बास्केटबल एकेडेमी भिड्ने जानकारी दिए। गुरुङले पुरुषतर्फको विजेता टोलीलाई नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिए। यस्तै उपविजता बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए। संयोजक गुरुङका अनुसार पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ड खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ।

# सबै तहका सरकार जनकेन्द्रित हुनुपर्नेमा प्रधानमन्त्रीको जोड

**रासस**
काठमाडौं २ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले सबै तहका सरकार शासक नभई जनताकेन्द्रित एवं सेवामैत्री हुनुपर्नेमा जोड दिनुभएको छ।

ललितपुर महानगरपालिकाको १०६औँ स्थापना दिवसका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा उहाँले वर्तमान सरकार उत्तरदायी भएर जनताका समस्या समाधान तथा विकासका चाहना पूरा गर्नेतर्फ प्रतिबद्ध भएर लागेको बताउनुभयो। "स्थानीय सरकार विगतको जस्तो कर उठाउनका लागि मात्र होइन, हाल यो नागरिक मैत्री पनि भएको छ, सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट विकृति हटाउने काम भएका छन्, व्यवस्था परिवर्तन भयो अवस्था परिवर्तन भएन भन्ने भाष्य गलत हो। सोचेअनुरुप विकास नभए पनि विकासको गति बढेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

गरिबी घटाउन अधिक प्रयास भएको, सडक, पुलजस्ता भौतिक पूर्वाधार निर्माण गरिएका, जनताको जीवनस्तर उकास्न राज्यले हदैसम्म प्रयास गरेको, मुलुकको अर्थतन्त्रको आकार बढेको, वैदेशिक मुद्रा सञ्चितिमा वृद्धि हुनाका साथै आम नेपालीको सरदर आयु ४२ वर्षबाट ७२ वर्ष पुगेकोलगायत विगतको तुलनामा मुलुकमा क्रमशः विकास-निर्माणका गतिविधिले गति लिएको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो। निरपेक्ष गरिबीको रेखामुनि २० प्रतिशत जनसङ्ख्या मात्र रहनु मुलुकका निम्ति उपलब्धि भएको उहाँको कथन थियो।

# महोत्सवको याम: व्यापार बढ्ने आश

**राम थापा**
पोखरा २ पुस /रासस



हिउँद लागेसँगै मेलामहोत्सवको माहोल सुरु भएको छ। दसैंतिहार जस्ता ठूला चाडपछि देशैभर महोत्सवको लहर नै चल्छ। मेलामहोत्सवले स्थानीय अर्थतन्त्रलाई केही हदसम्म भए पनि गतिशील बनाउन मद्दत पुग्ने आयोजक बताउँछन्। पछिल्लोपटक बजारमा आर्थिक गतिविधि सुस्ताइरहेका बेला आयोजना गरिने मेलामहोत्सवले व्यापारीलाई पनि राहत पुग्ने गरेको छ।

बिसौँ संस्करणको लेखनाथ महोत्सव आयोजना गर्न लागेको कास्कीको लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष विनोद श्रेष्ठले महोत्सव राख्नुको मूल ध्येय पर्यटन र व्यवसाय प्रवर्द्धन रहेको बताउनुभयो। "स्थानीय उत्पादनसहित वस्तु तथा सेवाको किनमेल हुने हुँदा महोत्सव व्यवासायीका लागि पनि एउटा अवसर हो", उहाँले भन्नुभयो। सङ्घले यही पुस १८ देखि आगामी माघ १ गतेसम्म लेखनाथ महोत्सव आयोजना गर्दैछ। उक्त महोत्सवका लागि हालसम्म ७५ प्रतिशत व्यावसायिक कक्ष बुकिङ भइसकेको आयोजकले जनाएको छ। महोत्सवमा ३३६ 'स्टल' रहनेछन्। महोत्सवमा कृषिजन्य उत्पादन, हस्तकलालगायतका प्राथमिकता दिइएको सङ्घका अध्यक्ष श्रेष्ठले बताउनुभयो। स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको उद्देश्यसहित मेलामहोत्सवको आयोजना हुने गरेका छन्। पर्यटकीय राजधानी पोखरामै १३औँ संस्करणको पोखरा महोत्सव पनि यही पुस २५ देखि माघ ७ गतेसम्म आयोजना हुने भएको छ। पोखरा महोत्सवको आयोजक युनाइटेट क्लबका पूर्वअध्यक्ष राजु श्रेष्ठले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन मेलामहोत्सवले टेवा पुग्ने बताउनुभयो। "महोत्सवले आर्थिक गतिविधि बढ्छ, दर्शकले पनि स्वस्थ मनोरञ्जनको लाभ लिन पाउँछन्", उहाँले भन्नुभयो, "विभिन्न कारणले सुस्ताएको व्यवसाय क्षेत्रलाई महोत्सवबाट थोरै भए पनि राहत पुग्छ।" महोत्सवबाट व्यावसायिक नाफाघाटा मात्र नसोचेर क्लबले सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको उहाँले बताउनुभयो। क्लबले महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धनलगायत काममा खर्च गर्दै आएको छ। अङ्ग्रेजी नयाँ वर्षको छेकोमा बर्सेनि पोखरामा आयोजना हुने अर्को महोत्सव हो, पोखरा सडक महोत्सव। रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेबान) पोखराको आयोजनामा यस वर्ष २६औँ पोखरा सडक महोत्सव हुने भएको छ। 'सडकमै खाउँ, सडकमै रमाउँ' भन्ने आदर्श वाक्यका साथ यही पुस १३ देखि १७ गतेसम्म सडक महोत्सव हुन लागेको महोत्सवका संयोजक विकास भट्टराईले जानकारी दिनुभयो।

फेवा किनारमा आयोजना गरिने उक्त महोत्सव पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण रहँदै आएको छ। महोत्सवमा मुख्य आकर्षणका रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खानाको प्रदर्शन, लाइभ कन्सर्ट, खेलकुदतर्फ बोट रेस, वेटर रेस, टग अफ वार, मःम, ससेज खाने प्रतियोगिता रहेका आयोजकले जनाएको छ।

यस वर्ष लमजुङबाट कृष्ण चरित्रका साथै भोजपुरी नृत्य आदि सांस्कृतिक प्रस्तुतिका साथै छिमेकी राष्ट्र भारत र चीनका सांस्कृतिक प्रस्तुतिसमेत रहने महोत्सवका संयोजक भट्टराईले बताउनुभयो। माघे सङ्क्रान्ति पर्वको अवसर पारेर म्याग्दी उद्योग वाणिज्य सङ्घले पनि आठौँ म्याग्दी महोत्सव एवं माघे सङ्क्रान्ति मेलाको आयोजना गरेको छ। माघे सङ्क्रान्तिमा म्याग्दीको बेनीमा लाग्ने मेला दशकौँ पुरानो मेला हो। पछिल्लो समय उद्योग वाणिज्य सङ्घले त्यसलाई महोत्सवका रूपमा परिस्कृत गर्दै लगेको हो। चाडपर्वको मौकामा आयोजना गरिने स-साना मेलाउत्सवले पनि गाउँघरमा उस्तै रौनक थपिरहेका छन्। माघे सङ्क्रान्ति पारेर बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुमा मेलाको आयोजना गरिँदैछ। दुवै मेला इतिहास र परम्परासँग जोडिएका छन्। यसै पनि हिउँद मेलामहोत्सवको याम हो। गण्डकी प्रदेश पनि महोत्सवमय बनिरहेको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशको आयोजनामा नवलपुरको गैंडाकोटमा गत कात्तिक २६ गते सुरु भएर मङ्सिर १६ गतेसम्म महोत्सव सञ्चालन भएको थियो। महोत्सवको अगुवाई गर्नेमा व्यवसायी र पर्यटन सम्बद्ध सङ्घसंस्था, स्थानीय क्लबलगायत छन्। महोत्सवमा जातीय वेशभुषा, संस्कृति झल्काउने मौलिक झाँकी तथा नाच प्रस्तुत गर्ने गरिएको छ। औद्यागिक उत्पादन, हस्तकला, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्री कक्ष पनि राख्ने गरिएको छ। कलाकारलाई पनि महोत्सवमा भ्याइनभ्याइ हुने गर्छ। कलाकारको व्यावसायिक लाभका लागि महोत्सव महत्वपूर्ण माध्यम बनेको छ। महोत्सवले गाउँघरको संस्कृतिलाई पनि सहरसम्म ल्याई पुऱ्याउँछ। जातजातिका मौलिक वेशभुषासहितका नाच र झाँकीले महोत्सवमा उल्लास थप्ने गरेको छ। लोपोन्मुख र दुर्लभ संस्कृति महोत्सवमा देखाउन आयोजक आफै पनि लालयित हुन्छन्। पैसा खर्चेर भए पनि त्यस्ता सांस्कृतिक नाच र झाँकीलाई आयोजकले महोत्सवमा ठाउँ दिइरहेका हुन्छन्।

# सहकारीको ऋण नतिर्नेको सम्पत्ति रोक्का गरिने

**रासस**
काठमाडौं २ पुस

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारीको ऋण नतिर्नेको एकाघरका सदस्यको सम्पत्ति र राहदानी रोक्का गरी असुल गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडले मंगलबार यहाँ आयोजना गरेको सहकारी सुशासन प्रवर्द्धनसम्बन्धी बागमती प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उहाँले सहकारीमा भएको पुँजीबाट त्यहाँ आएको समस्या समाधान गरिनुपर्ने बताउनुभयो। सरकारले घोषणा गरेका २२ वटा सहकारीमध्ये केहीको जग्गा बेचेर पनि समस्या समाधान गर्नेतिर समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय लागिपरेको मन्त्री अधिकारीले बताउनुभयो।

उहाँले सात प्रदेशमा समूह बनाएर मन्त्रालयमार्फत समस्याग्रस्त सहकारीको अध्ययन भइरहेको जानकारी दिनुभयो। "समितिबाट प्रतिवेदन प्राप्त भएपछि समस्या समाधानको विधि बनाइने छ। सहकारी ऐन, २०७४ मा भएको सहकारी प्रवर्द्धन कोष, कर्जा सूचना केन्द्र र न्यायाधीकरण पनि छिटो गठन गरी समस्या समाधानमा काम गर्न सरकार प्रतिबद्ध छ", मन्त्री अधिकारीले भन्नुभयो।

प्रधानमन्त्रीका आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडाले सुशासनको अभावमा सहकारी समस्याग्रस्त हुने गरेको बताउनुभयो। सबै सहकारीमा समस्या नभए पनि सबै समस्यामा छन् भनेर हल्ला फैलाइएको उल्लेख गर्दै छिटो समाधान गरिनुपर्नेमा जोड दिनुभयो। महासङ्घका अध्यक्ष ओमदेवी मल्लले सहकारीमा देखिएका समस्या र समाधानका उपायबारे छलफलका लागि कार्यक्रम आयोजना गरिएको गरिएको बताउनुभयो। उहाँले सातै प्रदेशमा यस्तै कार्यक्रम आयोजना गरी प्राप्त सुझाव समेटेर सरकारलाई संयुक्त सुझाव दिइने बताउनुभयो।

# एनपिएलका विजेता टोलीले एक करोड १० लाख पुरस्कार पाउने

**रासस**
काठमाडौं २ पुस

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको उपाधि विजेता टोलीले रू एक करोड १० लाख पुरस्कार प्राप्त गर्ने भएको छ।

यही पुस ६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा दोस्रो स्थान हासिल गर्ने टोलीले रू ५१ लाख प्राप्त गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान) का प्रवक्ता छुम्बी लामाले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रू २५ लाख प्राप्त गर्दा चौथो स्थान हासिल गर्ने टोलीले रू १५ लाख पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै प्रतियोगितामा उत्कृष्ट घोषित हुने एक खेलाडीलाई एक थान कार प्रदान गर्ने क्यानले यसअघि नै घोषणा गरिसकेको छ।

क्यानको आयोजनामा मङ्सिर १५ गतेदेखि सञ्चालन भएको यस एनपिएलमा विभिन्न आठ टोली सहभागी छन्। जसमा काठमाडौँ गोरर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किङ्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन्।

सहभागी टोलीमा चार टोली प्लेअफमा पुगेका छन् भने बाँकी चार टोली प्रतियोगिताबाट बाहिरिसकेका छन्।

# रोजगारी सृजना गर्ने क्षेत्रमा लगानी वृद्धि गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
बागलुङ २ पुस

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले रोजगारी सृजना गर्ने क्षेत्रमा लगानी बढाउन आवश्यक भएको बताउनुभएको छ।

उहाँले अनुत्पादक क्षेत्रमा लगानी बढ्दा रोजगारीका अवसर सङ्कुचित भएका बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) बागलुङ नगर कमिटीको आयोजनामा मंगलबार यहाँ भएको विचार गोष्ठीमा पूर्वअर्थमन्त्री पुनले रोजगारीका अवसर सृजना गरेर युवा वर्गलाई विदेश पलायन हुनबाट जोगाउनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले लोकतन्त्रिक प्रणालीको संरचनामा सुधार गर्ने, नेतृत्वमा फेरबदल र सङ्गठनको सुधार गर्न आवश्यक भएको विचार व्यक्त गर्नुभयो।

साथै उहाँले देशमा परिवर्तनका निम्ति माओवादीको ठूलो योगदान रहेको चर्चा गर्नुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# पत्रकार महासंघमा महिला नेतृत्व

नेपाली पत्रकारहरुको छाता संस्था नेपाल पत्रकार महासंघको अध्यक्षमा निर्मला शर्मा निर्वाचित भएकी छन् । महासंघको केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको मतपरिणाम अनुसार शर्माले चार हजार २८२ मत प्राप्त गरेकी छन् । सात दशक पुगेको नेपाल पत्रकार महासंघको नेतृत्वमा पुग्ने निर्मला पहिलो महिला हुन्।घोषणा हुँदै स्थगित भएको पत्रकार महासंघको शाख निर्वाचनले जोगाएको छ । सत्ता गठबन्धनका दुई ठूला दल निकट नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालको गठबन्धनबाट उठेकाले सहज विजय प्राप्त गरेका छन । अध्यक्षमा निर्मलाा शर्माको जित महिलाको लागि प्रेरणा हो । अध्यक्षमा दोस्रोपटकको प्रयासमा निर्वाचित हुनु धैर्यताको फल हो । अघिल्लो पटक जो संग पराजित भइन यश पटक उनीहरूको समर्थनमा निर्वाचित हुन सकिन ।

अध्यक्ष निर्वाचित निर्मला गठबन्धनको बलमा ठूलो मतान्तरबाट विजयी हुन सकिन । शर्माको निकटतम प्रतिस्पर्धी रमेश विष्टले तीन हजार २०३ मत प्राप्त गरेका छन्। अध्यक्षका अर्का उम्मेदवार देवीप्रसाद सापकोटाले २७० र लालसिंह लामाले ९६ मत प्राप्त गरेका छन् । वरिष्ठ उपाध्यक्षमा दीपक आचार्य निर्वाचित भएका छन् । उनले चार हजार २३० मत प्राप्त गरे भने निकटतम प्रतिस्पर्धी रोशन पुरीले दुई हजार ८८६ मत प्राप्त गरे । उपाध्यक्ष महिलामा नितु पण्डित निर्वाचित भएकी छन् । उनले चार हजार ७०५ मत पाइन् भने गंगा पौडेल बरालले दुई हजार ६४४ मत पाइन् । त्यस्तै, उपाध्यक्ष समावेशीमा उमिदप्रसाद बागचन्द निर्वाचित भएका छन्। उनले चार हजार २९२ मत पाए भने निकटतम प्रतिस्पर्धी सुभाषप्रसाद साहले दुई हजार ८० मत पाए । महासचिवमा रामप्रसाद दाहाल निर्वाचित भएका छन् । उनले चार हजार ८४ मत पाए भने प्रतिस्पर्धी लेखनाथ न्यौपानेले एक हजार ९२९ मत पाए । सचिव खुलामा रमेश खतिवडा, सचिव महिलामा सोनी शर्मा, सचिव आदिवासी जनजातिमा सविन प्रियासन, सचिव मधेशीमा अशोककुमार तिवारी, सचिव दलिततर्फ प्रकाश धौलाकोटी र सचिव एशोसिएटतर्फ वैकुण्ठराज पराजुली निर्वाचित भएका छन् ।

कोषाध्यक्षतर्फ रामकृष्ण अधिकारी निर्वाचित भएका छन्। केन्द्रीय सदस्यमा कोशी प्रदेशबाट कमल रिमाल र शंकर खरेल, मधेशबाट राजु विश्वकर्मा र राजेशकुमार कर्ण, बागमती (उपत्यका बाहेकका)बाट नवराज पथिक र नारायणप्रसाद अधिकारी निर्वाचित भएका छन् । त्यस्तै, गण्डकीबाट कृष्ण केसी र केवी राना, लुम्बिनीबाट रामराज पोखरेल र विकास बन्जाडे, कर्णालीबाट तुलाराम पाण्डे र नगेन्द्रप्रसाद उपाध्याय, सुदूरपश्चिमबाट योगेन्द्रबहादुर बलायर र सुरेश पन्त, काठमाडौं उपत्यकाबाट अर्जुन पन्त र सूर्य सुवेदी केन्द्रीय सदस्य निर्वाचित भएका छन् ।

प्रतिष्ठानबाट वीरेन्द्र ओली र सविता शर्मा, संस्थागत प्रदेश (एशोसिएट)बाट पवित्रा मुडभरी र मनुका कुँवर, खुलाबाट छविलाल तिवारी, भूपेन्द्र आचार्य, मुकुन्दप्रसाद भण्डारी, रामेश्वर कार्की र लवदेव ढुंगाना केन्द्रीय सदस्य निर्वाचित भएका छन् । यसैगरी, मधेशी महिलातर्फ रुबीकुमारी रौनियार, आदिवासी जनजाति महिलातर्फ माला पालुङ्वा र खस आर्य महिलातर्फ लीला शाह योगी केन्द्रीय सदस्य निर्वाचित भएका छन् । दलित महिला सदस्यतर्फ रीता बुढाथोकीडठ यसअघि नै निर्विरोध निर्वाचित भएकी थिइन् ।

केन्द्रीय सदस्यमा दलिततर्फ सिकेन्द्र पासवान र आदिवासी जनजातितर्फ भरत जर्घा मगर निर्वाचित भएका छन्। दलित महिलातर्फ सावित्री रसाइली र आदिवासी जनजाति महिलातर्फ देविका घर्ती मगर यसअघि नै निर्विरोध निर्वाचित भएका थिए । सदस्य विवादले गर्दा पटकपटक स्थगित भएको निर्वाचन सफलताको संकेत हो । मधेशीतर्फ राजकरण महतो, मधेशी महिलातर्फ ललिताकुमारी साह, अपांगता भएका व्यक्तिबाट भूपराज बस्याल र अल्पसंख्यकबाट लक्ष्मण थामी केन्द्रीय सदस्य निर्वाचित भएका छन् । लेखा समिति संयोजकमा केसी लामिछाने निर्वाचित भएका छन् भने सदस्यमा खुलातर्फ केशवप्रसाद बोहरा र महिलातर्फ रुक्मिणी पोखरेल निर्वाचित भएका छन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भूपू विद्यार्थी मञ्चद्धारा मानव सेवा आश्रममा भोजन दान

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको मानव सेवा आश्रममा मंगलबार आश्रममा आश्रित ९२ जनालाई लक्ष्मी नारायणहरुलाई विहानको भोजन प्रदान गरेको छ ।

छोरेपाटन माविका पुर्व विद्यार्थीहरु राजकुमार गुरुङ (भरत), राजेन्द्र गुरुङ, विनम गुरुङ, कविता गुरुङ, एलिसा गुरुङ र उहाँको परिवारले स्वर्गिय आमा




जगन कुमारी गुरुङको स्मृतिमा सहयोग गरेका कार्यक्रम संयोजक मञ्चका उपाध्यक्ष हिमलाल उपाध्यायले वताए ।

सो अवसरमा मञ्चका अध्यक्ष कृष्ण रानाभाट, कोषाध्यक्ष कविता गुरुङ, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश सदस्यमा निवार्चित तथा मञ्चकी सहसचिव ज्योति हमाल, डेभिज फल क्लबका अध्यक्ष विनम गुरुङ लगाएतले वोलेका थिए ।

# फूलबारी क्लबद्धारा ज्येष्ठ नागरिकलाई धार्मिक क्षेत्र भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

पोखरा ११ फुलबारीमा रहेको फुलबारी क्लबले ज्येष्ठ नागरिकहरुलाई धार्मिक क्षेत्रका अवलोकन भ्रमर्ण गराएको छ ।

पोखरा ११ का ६० वर्ष नाघेका १५० जना ज्येष्ठ नागरिकलाई पोखरा १३ आर्वा स्थित प्रभु धामको अवलोकन भ्रमर्ण गराएको कार्यक्रम संयोजक अनन्तराज आचार्यले जानकारी दिए। उनीहरुलाई अवलोकन पछि विभिन्न मनोञ्जनात्मक र धार्मिक हाजिरी जवाफ प्रतियोगिता समेत गरेको आचार्यले जानकारी दिए । धार्मिक हाजिरी जवाफ तर्फ उत्कृष्ट वासुदेव अधिकारी, दामोदर बास्तोला, वेदराज बास्तोला, बलराम शर्मा



बास्तोला र नृत्य तर्फ उत्कृष्ट सिता बास्तोला, सावित्री बास्तोला, हरिमाया बास्तोला र गंगा बास्तोलालाई मायाको चिनो प्रदान गरिएको थियो। उनीहरुलाई फूलवारी क्लवका अध्यक्ष मनोज बास्तोला, पोखरा महानगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्य र क्लवका पुर्व अध्यक्ष राजेश कुमार गुरुङ, क्लबका उपाध्यक्ष जनार्दन बास्तोल, क्लबका सचिव युवराज बास्तोला लगाएतले मायाको चिनो वितरण गर्दै अन्य दिनमा पनि ज्येष्ठ नागरिकहरुका सम्मानका लागि कार्यक्रमहरु गर्न बताए ।

# सकियो सम्झौता, सकिएन करिडोर

**पोखरापत्र संवाददाता**
बागलुङ, २ पुस

कालीगण्डकी करिडोरको बलेवा-मालढुङ्गा खण्ड कालोपत्रका लागि गरिएको सम्झौता सकिएपछि मात्रै कामले गति लिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको बलेवा-मालढुङ्गा खण्डको सम्झौता सकिएसँगै कामले तीव्रता पाउन थालेको हो ।

अहिले नाली, कल्भर्ट, पर्खाल तथा ग्याबिन लगाउने काम भइरहेको छ । कालोपत्रका लागि विडारी कन्ट्रक्सनसँग गरिएको सम्झौता सकिए पनि काम भने करिब ६० प्रतिशत सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ । म्याद सकिएसँगै १० किमी सडक निर्माणले तीव्रता पाएको हो ।

निर्माण कम्पनीलाई पटकपटक ताकेदा गरेपछि अहिले मालढुङ्गातर्फको खण्डमा धमाधम पूर्वाधारको काम भइरहेको आयोजना कार्यालय पाल्पाका सूचना अधिकारी अरुण खत्रीले बताउनुभयो । उहाँका अनुसार दुई वर्षमा सक्नेगरी सम्झौता भए पनि हालसम्म ६० प्रतिशत मात्रै पूर्वाधारको काम सकिएको हो । सूचना अधिकारी खत्रीका अनुसार निर्माण व्यवसायीलाई छ महिनाभित्र कालोपत्र सक्न निर्देशन दिइएको छ । दुई वर्षमा आधामात्रै काम गरेको निर्माण व्यवसायीलाई छ महिनाका लागि म्याद थपेपछि कामले गति लिएको उहाँले उल्लेख गर्नुभयो । "अहिलेको सन्तोषजनक काम भइरहेको छ, सम्झौता सकिँदासम्म कालोपत्र नहुनु समस्याको विषय हो, अहिले थपिएको समयभित्र काम सक्न निर्माण कम्पनीलाई ताकेता गरिरहेका छौँ", खत्रीले भन्नुभयो, "बागलुङको भकुण्डेस्थित गलुवाको पहिरोका कारण काममा ढिलाइ भएको थियो, अहिले त्यही खण्डमा काम भइरहेको छ ।" खत्रीका अनुसार बलेवा-हर्मिचौरको ४४ किमी सडक सम्झौताअगावै कालोपत्र भइरहँदा छोटो खण्डको रूपमा रहेको बलेवा-मालढुङ्गा सडकको १० किमी सडक अलपत्र परेको हो ।

आगामी जेठभित्र कालोपत्र सक्नेगरी मिति थप गरिएको हो । उहाँका अनुसार १० किमी दूरी रहेको यो खण्डका लागि रु ५५ करोडमा निर्माण कम्पनीले ठेक्का लिएको थियो । थप गरिएको समयसीमाभित्र सक्न कामलाई तीव्रता दिइएको निर्माण कम्पनीका सञ्चालक ध्रुव विडारी जानकारी दिनुभयो । सुरुमा निर्माणले तीव्रता पाए पनि समयमा भुक्तानी नपाउँदा समस्या भएको उहाँको भनाइ छ । "थप गरेको समयसीमाभित्रै कामसक्ने हाम्रो प्रयास हुन्छ", विडारीले भन्नुभयो, "अहिले समस्याग्रस्त अलुवा क्षेत्रमा काम भइरहेको छ, गर्मी सुरु हुनासाथ कालोपत्र थाल्ने छौँ ।" करिडोर कालोपत्रपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक क्रियाकलाप बढ्नेछन् । नेपालको उत्तरी सीमा चीनको कोरला र दक्षिणी सीमा भारतको सुनौली जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा कालीगण्डकी करिडोरलाई लिइन्छ ।

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | HLI40200000482 | प्रियान्स भट्टराई | पोखरा १७, कास्की |
| २ | ULI40400000586 | अनिम गुरुङ | पोखरा-१७, कास्की |

**शरणार्थी परिचय पत्र हरायो**

यहि मिति २०८१/६/६ गते पोखरा १७ नेपाल रेडक्रस टासीलिङ तिब्बेतेन शरणार्थी बस्ती छोरेपाटनमा स्थायी वसोबास गर्ने डोल्मा छिरिङ (Dolma Tsering) को प.प. नं. २९३-०५१ को रिफ्युजी कार्ड (R.C.) छोरेपाटन स्थित आफ्नै रेष्टुरेण्टबाट चोरी भइ हराएको हुँदा कहि कतै फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनु हुन अनुरोध गर्दछु ।

नामः डोल्मा छिरिङ
ठेगाना : पोखरा-१७, छोरेपाटन, कास्की

# थर्पु आधारभूत अस्पतालमा दन्त शिविर सुरु

**पोखरापत्र संवाददाता**
दमौली, २ मंसिर

यहाँको म्याग्दे गाउँपालिका-४ थर्पुस्थित आधारभूत अस्पतालमा दन्त शिविर सुरु भएको छ ।

१० शैया क्षमताको उक्त अस्पतालको गत शनिबार मात्रै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले उद्घाटन गर्नुभएको थियो । गत सोमबारदेखि अस्पतालमा दन्त शिविर सुरु भएको हो । दाँतका समस्या भएका सर्वसाधारणलाई सेवा दिने उद्देश्यले दन्त शिविर सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । दन्त शिविरमा दाँतको एक्सरे, सफा गर्ने, दाँत भर्ने, दाँत निकाल्ने, दाँतको जरैदेखिको उपचार, गिजाको उपचार तथा औषधि वितरण गरिने प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । म्याग्दे गाउँपालिका र नेलम्बो नेपाल गैह्रापाटन पोखराबीच गत मङ्सिर २० गते भएको सम्झौता अनुसार दन्त शिविर सञ्चालन गरिएको हो । शिविर पुस ४ गतेसम्म सञ्चालन हुनेछ । शिविरको पहिलो दिन सोमबार वडा नम्बर १ र २, मङ्गलबार वडा नम्बर ३ र ४, बुधबार वडा नम्बर ५ र ६, बिहीबार वडा नम्बर ७ र शुक्रबार छुटेका सर्वसाधारणलाई सेवा प्रदान गरिने अस्पतालले जनाएको छ । एक दिनमा ६० जनालाई उपचार सेवा दिइने जनाइएको छ ।

प्रत्येक स्थानीय तहमा एक आधार भूत अस्पताल निर्माण गर्ने सरकारको निर्णय बमोजिम यहाँ उक्त अस्पताल निर्माण भएको हो ।

**आवश्यकता**

अन्नपूर्ण गा.पा. शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ७०१ मिति २०८१/०९/०२ गतेको पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा यस विद्यालयमा विद्यालय साहयक कर्मचारी (लेखापाल) पदमा तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
पदः लेखापाल किसिमः करार
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम अनुसार
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा + २ उर्त्तीण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
दरखास्त दिने अन्तिम मितिः २०८१/०९/१७ गतेसम्म
दरखास्त दस्तुरः रु ५००।-मात्र ।
सम्पर्क मितिः फोनबाट जानकारी गराइने ।
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
*नोटः कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई विशेष ग्राहयता दिइने छ ।*
जानकारीको लागि : दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं. A641052462252401 खातामा भएको नाम Shree Uma Secondary School मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यालय समयमा बुझाउन सकिने छ ।

**श्री उमा माध्यमिक विद्यालय**
अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की
सम्पर्क नं.: ९८४६४६८२१७, ९८४८१३८६३८

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीम(।लेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१६१००००४४ | अनिता पौडेल | पोखरा २६ कास्की |
| २ | PLI१६१००००७५८ | उषा देबी अधिकारी | देउपुर २ पर्वत |
| ३ | PLI१६१००००६६७ | कासाी माया गुरुङ | पोखरा २९ कास्की |
| ४ | PLI१६१०००२३०३ | रोशनी गौतम | पोखरा २९ कास्की |
| ५ | GLI ०६१०००३१५७ | इश्वरी प्रसाद लामिछाने | पोखरा २२ कास्की |

**कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/२३ मा दर्ता भएको प्रा.लि. द. नं २३४०१६ को फेशन क्याट म्यान डु (प्रा. लि.) कम्पनीको मिति २०८९/०९/०१ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खरेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटर को कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा हक दाबी लाग्ने छैन ।

दामासायी ब्यवसायी, लिक्विडेटरको कार्यालयः
रमेश हरि अधिकारी
इजाजत नं. ५४७, सम्पर्कः ९८०५६७६७१०

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२/०११-६६२२७५
Website : www.swmfi.com.np


# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना !

सूचना प्रकाशित मितिः २०८१/०९/०३ गते

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण/ कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नु भएकोले ऋण/कर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना व्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बिच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ। धितो सूरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कनूनी कारवाहिहरुको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्बर | जारी मिति | जारी स्थान |
| १ | दरबाङ | सूशिला बिश्वकर्मा | मन बहादुर कामी | गंगा बहादुर कामी | मंगला गा.पा.-०५, म्याग्दी | मंगला गा.पा.-०५, म्याग्दी | ४९-०१-७४-०३९७४ | २०७४/१०/१८ | म्याग्दी |
| २ | दरबाङ | टिका पुर्जा | गंगा पुर्जा | सतमान पुर्जा | दरबाङ् ०८, म्याग्दी | मालिका गा.पा.०६, म्याग्दी | ४९.२८.२४९६३ | २०६८/०४/११ | म्याग्दी |
| ३ | दरबाङ | गौमाया बिश्वकर्मा | बेल बहादुर बिश्वकर्मा | गंगा बहादुर बिश्वकर्मा | मालिका गा.पा.०६, म्याग्दी | मालिका गा.पा.०६, म्याग्दी | ४९१०२७१९९५ | २०६७/०८/०६ | म्याग्दी |
| ४ | हटिया | माया दर्जी | केर सिङ्ग दर्जी | बहादुर दर्जी | मल्म ७, बाग्लुङ्ग | गल्कोट ७, बाग्लुङ्ग | ५०३०४२।२७७ | २०६३/११/१३ | बाग्लुङ्ग |
| ५ | हटिया | चन्द्र कुमारी कुवंर | प्रेम बहादुर कुवंर | पदम बहादुर कुवंर | गल्कोट १०, बाग्लुङ्ग | गल्कोट १०, बाग्लुङ्ग | ६०२२।४३ | २०५९/१०१/१२ | बाग्लुङ्ग |
| ६ | हटिया | कमला गौतम | दिपक गौतम | शोभाखर गौतम | गल्कोट ८, बाग्लुङ्ग | गल्कोट ८, बाग्लुङ्ग | ५०१०३९।१५१ | २०६३/०३/२१ | बाग्लुङ्ग |
| ७ | हटिया | सन्तु दर्जी | डम्मर बहादुर दर्जी | मतिलाल दर्जी | गल्कोट ३, बाग्लुङ्ग | गल्कोट ३, बाग्लुङ्ग | ५००१।७३।०२६८९ | २०७३/०५/०७ | बाग्लुङ्ग |
| ८ | हटिया | हुसिना बेगम मिया | अब्दुल मिया | मन्जुर मिया | गल्कोट ३, बाग्लुङ्ग | गल्कोट ३, बाग्लुङ्ग | ५०१०२२।२२८२ | २०६७/०२/१० | बाग्लुङ्ग |
| ९ | हटिया | मैमुन निसा | जलिल बकस मिया | करुन बकस मिया | भिरकोट १३, स्याङ्गजा | गल्कोट ३, बाग्लुङ्ग | ४२.०१.७३.००३९५ | २०७३/०३/०१ | स्याङ्गजा |
| १० | हटिया | सुमित्रा दर्जी | इन्द्र बहादुर दर्जी | भविराम दर्जी | काठेखोला ५, बाग्लुङ्ग | काठेखोला ५ बाग्लुङ्ग | १७५ | २०६२/०७/०७ | बाग्लुङ्ग |
| ११ | हटिया | धनमाया घर्ती | चुर बहादुर घर्ती | शशिराम घर्ती | गल्कोट १०, बाग्लुङ्ग | गल्कोट १०, बाग्लुङ्ग | ५०३०४४।१६ | २०६३/०६/१० | बाग्लुङ्ग |
| १२ | हटिया | शारदा खरेल क्षेत्री | श्याम बहादुर खरेल | खडानन्द खरेल | मुसिकोट ९, गुल्मी | मुसिकोट ९, गुल्मी | ४१.०१.७६.०६२७८ | २०७६/०८/१९ | गुल्मी |
| १३ | हटिया | देवीसरा दमै | पदम दमै | कबिराज दमै | गल्कोट ५, बाग्लुङ्ग | गल्कोट ५, बाग्लुङ्ग | ५०३०१७।१०२ | २०६३/०७/१० | बाग्लुङ्ग |
| १४ | हटिया | कुमारी पेमी मगर के.सी. | अर्बिन के सी | राम बहादुर क्षेत्री | गल्कोट ८, बाग्लुङ्ग | गल्कोट ८, बाग्लुङ्ग | ४१.०१.७०.०१५८४ | २०७०/०३/१८ | बाग्लुङ्ग |
| १५ | हटिया | बिभा दर्जी | राजन बहादुर दर्जी | जग बहादुर दर्जी | गल्कोट ३, बाग्लुङ्ग | गल्कोट ३, बाग्लुङ्ग | ५०१०३८।७२९४ | २०६२/०७/०४ | बाग्लुङ्ग |
| १६ | हटिया | राधिका दर्जी | मिन परियार | चन्द्रे दमै | गल्कोट ३, बाग्लुङ्ग | गल्कोट ३, बाग्लुङ्ग | ५०१०३८।२५७१ | २०६४/०७/१२ | बाग्लुङ्ग |
| १७ | हटिया | मसिना दर्जी | अम्मर बहादुर दमै | भिम बहादुर दर्जी | गल्कोट ३, बाग्लुङ्ग | गल्कोट ३, बाग्लुङ्ग | ३४३२।२४७ | २०५२/१०/०७ | बाग्लुङ्ग |
| १८ | मल्लाज | अनिता रोका घर्ती | हरिप्रसाद घर्ती | हिरा बहादुर घर्ती | देबिस्थान गा.वि.स २, म्याग्दी | बेनी नगरपालीका ०४, म्याग्दी | ११४७२ | २०६३/०२/१८ | म्याग्दी |
| १९ | मल्लाज | लिला घर्ती | लाल बहादुर घर्ती | कृतीमान घर्ती | मुना गा.वि.स ४, म्याग्दी | बेनी नगरपालीका ०४, म्याग्दी | ४९.०१.७०.०१३४८ | २०७०/०३/२७ | म्याग्दी |
| २० | मल्लाज | भगवती बानिया खत्री | सुमन खत्री | चन्द्र बहादुर खत्री | अर्थुङ्गे गा.वि.स ०२, म्याग्दी | बेनी नगरपालीका ०६, म्याग्दी | ११०९५ | २०६३/०२/०४ | म्याग्दी |
| २१ | मल्लाज | शोभा दर्जी | हरिबहादुर दर्जी | रामबहादुर दर्जी | राखु भगवती गा.वि.स ०४, म्याग्दी | रघुगंगा गा.पा ०२, म्याग्दी | ४९१००६।१९६ | २०६७/०७/१४ | म्याग्दी |
| २२ | मल्लाज | धनमाया परियार | धने दमाई | जश्रे दमाई | धाईरिङ ०३, पर्वत | जलजला गा.पा ०७, पर्वत | ४।१९३ | २०७०/०१/२८ | पर्वत |
| २३ | मल्लाज | पशुपती शाही | याम बहादुर शाही | अम्मर बहादुर शाही | बेनी न.पा ०८, म्याग्दी | बेनी नगरपालीका ०८, म्याग्दी | ४९.०१.७१.०२३३० | २०७१/०४/२२ | म्याग्दी |
| २४ | मल्लाज | रुपा छिनाल | मान बहादुर दर्जी | रामे दर्जी | मंगला गा.पा ०१, म्याग्दी | मंगला गा.पा ०२, म्याग्दी | ४९.०.०६९.०१४५२ | २०६९/०५/२५ | म्याग्दी |
| २५ | मल्लाज | सोबिता किसान | लक्ष्मण किसान | देबिन्द्र सार्की | पिप्ले गा.बि.स ०२, म्याग्दी | रघुगंगा गा.पा ०३, म्याग्दी | ४९.०१.७३.००५७८ | २०७३/०२/११ | म्याग्दी |
| २६ | मल्लाज | सुमिता बोगटी | भुपेन्द्र बानीया | जितबहादुर बानीया | अर्थुङ्गे गा.बि.स ०२, म्याग्दी | बेनी नगरपालीका ०६, म्याग्दी | ४९१००४।२२०९ | २०६८/०१/०४ | म्याग्दी |
| २७ | मल्लाज | भगवती खत्री | खम बहादुर खत्री | शशिधर खत्री | ज्यामरुककोट गा.बि.स ०८, म्याग्दी | बेनी नगरपालीका ०२, म्याग्दी | ४९१००३।१००५ | २०६५/०९/०८ | म्याग्दी |
| २८ | मल्लाज | सरस्वती थापा | धन बहादुर सार्की | तुल बहादुर थापा | पिप्ले गा.बि.स ०८, म्याग्दी | रघुगंगा गा.पा ०३, म्याग्दी | ४९.०१.७३.०४२८५ | २०७३/११/०३ | म्याग्दी |
| २९ | मल्लाज | रसिला बागदास | छबिलाल बागदास | गंग बहादुर दर्जी | पिप्ले गा.बि.स ०८, म्याग्दी | रघुगंगा गा.पा ०३, म्याग्दी | ४९१०१६।१९५५ | २०६७/०७/१० | म्याग्दी |
| ३० | मल्लाज | राजकुमारी खत्री क्षेत्री | जितबहादुर खत्री क्षेत्री | देउ बहादुर खत्री क्षेत्री | राखु भगवती गा.बि.स ०७, म्याग्दी | रघुगंगा गा.पा ०२, म्याग्दी | ४१००६।२९०९४ | २०६९/०२/०३ | म्याग्दी |
| ३१ | मल्लाज | रिमाया सिर्पाली | तिर्थ बहादुर सिर्पाली | धने कामी | धवलागिरि गा.पा ०५, म्याग्दी | रघुगंगा गा.पा ०५, म्याग्दी | ४९३०२२।२६ | २०६८/१२/२६ | म्याग्दी |
| ३२ | मल्लाज | पबिना दर्जी | राजु दर्जी | गंगे दर्जी | माझफाँट गा.बि.स ०६, पर्वत | जलजला गा.पा ०२, पर्वत | ५११०४०।४७१ | २०६६/१२/२३ | पर्वत |
| ३३ | मल्लाज | बेलमती सिंजाली मगर | चेत बहादुर सिंजाली | पुर्व सिं सिंजाली | धौवादी गा.बि.स ०१, नवलपरासी | हक्सेकोट गा.पा ०२, नवलपरासी | २६२०१९।२११ | २०६७/०९/०९ | नवलपरासी |
| ३४ | मल्लाज | मनिषा पुन श्रेष्ठ | शुरेस पुन | मैमत पुन | अन्नपुर्ण गा.पा ०८, म्याग्दी | अन्नपुर्ण गा.पा ०८, म्याग्दी | ५११०२५।११७ | २०६४/१०/०७ | म्याग्दी |
| ३५ | मल्लाज | कोपीला दमाई | डिलबहादुर दमाई | भिम बहादुर दमाई | माझफाँट गा.बि.स, ०२ पर्वत | जलजला गा.पा, ०४ पर्वत | ५११०४०।९३९ | २०६९/१०/०९ | पर्वत |
| ३६ | मल्लाज | सुनिता दर्जी | रबिन दर्जी | एक बहादुर दर्जी | पिप्ले गा.बि.स ०६, म्याग्दी | रघुगंगा गा.पा ०३, म्याग्दी | ४९.०१.७२.०४८०० | २०७२/१२/२४ | म्याग्दी |
| ३७ | कुश्मिसेरा | डिल कुमारी थापा मगर | लिल बहादुर थापा मगर | भिम बहादुर थापा मगर | जैमिनी न.पा ०१, बाग्लुङ्ग | जैमिनी न.पा ०१, बाग्लुङ्ग | ५०१०२४।३६२६ | २०६९/११/१४ | बाग्लुङ्ग |
| ३८ | कुश्मिसेरा | निता थापा | शिर बहादुर थापा | दल बहादुर थापा | बाग्लुङ न.पा ११, बाग्लुङ्ग | बाग्लुङ न.पा ११, बाग्लुङ्ग | ५०१००७।२१२१ | २०६७/०७/०७ | बाग्लुङ्ग |
| ३९ | कुश्मिसेरा | याम कला शर्मा गौडेल | प्रेम गौडेल | कलाधर गौडेल | जैमिनी न.पा ०१, बाग्लुङ्ग | जैमिनी न.पा ०१, बाग्लुङ्ग | ५०३०२४।१४३ | २०७०/०२/२० | बाग्लुङ्ग |
| ४० | कुश्मिसेरा | कोपिला परियार | बल बहादुर परियार | खडके दमै | जैमिनी न.पा ०३, बाग्लुङ्ग | जैमिनी न.पा ०३, बाग्लुङ्ग | ५०३०२५।५२८ | २०६३/११/०४ | बाग्लुङ्ग |
| ४१ | कुश्मिसेरा | देवी नेपाली | भिम बहादुर नेपाली | चन्द्र बहादुर नेपाली | जैमिनी न.पा ०३, बाग्लुङ्ग | जैमिनी न.पा ०३, बाग्लुङ्ग | ५०३०२५।८१९ | २०७०/०२/३० | बाग्लुङ्ग |
| ४२ | कुश्मिसेरा | डम्मर कुमारी थापा मगर | भबिन्द्र थापा मगर | सहबिर थापा मगर | जैमिनी न.पा ०९, बाग्लुङ्ग | जैमिनी न.पा ०९, बाग्लुङ्ग | २१२०.२६१२ | २०४४/११/२२ | बाग्लुङ्ग |
| ४३ | कुश्मिसेरा | देवी वि. क. | पुर्ण बहादुर वि.क | रविलाल वि.क | जैमिनी न.पा १०, बाग्लुङ्ग | जैमिनी न.पा १०, बाग्लुङ्ग | ५०३०३१।१३९ | २०६३/१०/०८ | बाग्लुङ्ग |
| ४४ | कुश्मिसेरा | लक्ष्मी छन्तेल | लाल बहादुर छन्तेल | जय बहादुर छन्तेल | जैमिनी न.पा ०३, बाग्लुङ्ग | जैमिनी न.पा ०३, बाग्लुङ्ग | ५०१०१३।१८४७ | २०६४/०४/२८ | बाग्लुङ्ग |
| ४५ | कुश्मिसेरा | सरस्वती बोहोरा क्षेत्री | टेक बहादुर क्षेत्री | रन्त बहादुर क्षेत्री | जैमिनी न.पा ०४, बाग्लुङ्ग | जैमिनी न.पा ०४, बाग्लुङ्ग | ५०३०२६।१२ | २०७०/०२/१९ | बाग्लुङ्ग |
| ४६ | डिमुवा | शारदा घर्ति क्षेत्री | बिक्रम बहादुर घर्ति क्षेत्री | तुल बहादुर घर्ति | मोदी गा.पा.०७, पर्वत | मोदी गा.पा.०७, पर्वत | ४६४९२ | २०६१/०८/२० | पर्वत |
| ४७ | डिमुवा | अनिता बिश्वकर्मा | बिकास बिश्वकर्मा | बेले सुनार | कुस्मा न.पा.०३, पर्वत | कुस्मा न.पा.०३, पर्वत | ५११०१०।४२ | २०६४/०२/१४ | पर्वत |
| ४८ | डिमुवा | शान्ति क्षेत्री | डिल बहादुर क्षृत्री | बल बहादुर क्षेत्री | मोदी गा.पा.०७, पर्वत | मोदी गा.पा.०७, पर्वत | ५११०४३।१५२ | २०६५/०७/२१ | पर्वत |
| ४९ | डिमुवा | मञ्जु सुनार | इश्वर सुनार | बिर बहादुर सुनार | कुस्मा न.पा.०८, पर्वत | कुस्मा न.पा.०८, पर्वत | ५१.०१.६९.०१९५४ | २०६९/१२/०६ | पर्वत |
| ५० | डिमुवा | किरण बि.क. | एक बहादुर बि.क. | नन्दलाल कामी | कुस्मा न.पा.११, पर्वत | कुस्मा न.पा.११, पर्वत | ५४९७२ | २०६३/०५/१३ | पर्वत |
| ५१ | डिमुवा | अनु घर्ती | कुल बहादुर घर्ती | चेत बहादुर घर्ती | मोदी गा.पा.०७, पर्वत | मोदी गा.पा.०७, पर्वत | ५१.०१.७०.०३५२० | २०७०/०६/१७ | पर्वत |

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्बर | जारी मिति | जारी स्थान |
| ५२ | बुर्तिवाङ्ग | यम कुमारी बि क | राम बहादुर बि क | डिल बहादुर कामी | बोगादोभान ८, बाग्लुङ्ग | तमानखोला २, बाग्लुङ्ग | ५०३०५२/६२९ | २०६३/१२/०४ | बाग्लुङ्ग |
| ५३ | बुर्तिवाङ्ग | देउ कुमारी घर्ती | तम बहादुर घर्ती | रुद्र बहादुर घर्ती | बुर्तिवाङ्ग ३, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ५०२०५३/२२८७ | २०५३/०८/०९ | बाग्लुङ्ग |
| ५४ | बुर्तिवाङ्ग | दिलमाया रसाईली | भिम बहादुर रसाईली | लामकाने कामी | बोगादोभान ८, बाग्लुङ्ग | ढोरपाटन १, बाग्लुङ्ग | ५०२०५२/१२३३० | २०७१/०१/०७ | बाग्लुङ्ग |
| ५५ | बुर्तिवाङ्ग | चन्द्रि पुन | लाल बहादुर पुन | कृष्ण बहादुर पुन | बुर्तिवाङ्ग ६, बाग्लुङ्ग | ढोरपाटन ३, बाग्लुङ्ग | ५०२०५३/१२८७८ | २०७१/०३/०२ | बाग्लुङ्ग |
| ५६ | बुर्तिवाङ्ग | मिना बि क | प्रेम बहादुर बि क | भीमे कामी | राजकुट ९, बाग्लुङ्ग | निसीखोला ७, बाग्लुङ्ग | ५०.०५.७५.०२०६८ | २०७५/०८/२५ | बाग्लुङ्ग |
| ५७ | बुर्तिवाङ्ग | माया भण्डारी | जिवन भण्डारी | कुलमान भण्डारी | देविस्थान २, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | २०७३४१ | २०६३/०६/०८ | बाग्लुङ्ग |
| ५८ | बुर्तिवाङ्ग | सिम कुमारी कुंवर | मिन बहादुर जोगी कुंवर | छवे जोगी | राजकुट ४, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | ५०२०५४।९७६४ | २०६९/०९/१९ | बाग्लुङ्ग |
| ५९ | बुर्तिवाङ्ग | यम कुमारी सिंह | खडक बहादुर सिंह | राम बहादुर सिंह | देविस्थान १, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | ५०३०५६।२ | २०६३/१०/११ | बाग्लुङ्ग |
| ६० | बुर्तिवाङ्ग | कमला बि क | गोपाल बि क | छविलाल कामी | बुर्तिवाङ्ग ४, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ५०२०५३।१९१५ | २०७३/०७/२५ | बाग्लुङ्ग |
| ६१ | बुर्तिवाङ्ग | रेम कुमारी पुन मगर कुंवर | भिम बहादुर कुंवर | दुर्गा बहादुर कुंवर | अधिकारीचौर ८, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ५०२०५७।१७३६ | २०७२/११/१८ | बाग्लुङ्ग |
| ६२ | बुर्तिवाङ्ग | सुनिता बि क | राम बहादुर कामी | धनदास कामी | देविस्थान ६, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ५०२०५६।८६३ | २०६४/११/०९ | बाग्लुङ्ग |
| ६३ | बुर्तिवाङ्ग | मिनु कामी | धन बहादुर कामी | गन बहादुर कामी | अधिकारीचौर २, बाग्लुङ्ग | ढोरपाटन ५, बाग्लुङ्ग | ५०२०५७।१९२८ | २०७३/०५/०३ | बाग्लुङ्ग |
| ६४ | बुर्तिवाङ्ग | सपना बि क | टेक बहादुर बि.क. | गिरीलाल कामी | अधिकारीचौर २, बाग्लुङ्ग | ढोरपाटन ५, बाग्लुङ्ग | ५०२०५७।१७८१ | २०७३/०१/२४ | बाग्लुङ्ग |
| ६५ | बुर्तिवाङ्ग | सिता बि क | विक्रम बि क | रने कामी | देविस्थान १, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | ५०२०५६।७१४५ | २०६८/०७/२३ | बाग्लुङ्ग |
| ६६ | बुर्तिवाङ्ग | उषा बि क | धन बहादुर कामी | रने कामी | देविस्थान १, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | ५०२०५६।१२६४ | २०६०/०९/२८ | बाग्लुङ्ग |
| ६७ | बुर्तिवाङ्ग | पार्वती कामी | भिउसन कामी | पदमे कामी | देविस्थान १, बाग्लुङ्ग | निसीखोला १, बाग्लुङ्ग | ५०३०५६।५८ | २०४४/१२/२० | बाग्लुङ्ग |
| ६८ | बुर्तिवाङ्ग | नर कुमारी छन्त्याल | थम बहादुर छन्त्याल | नर बहादुर छन्त्याल | अधिकारीचौर ३, बाग्लुङ्ग | घैयाखानी ६, बाग्लुङ्ग | ८१९।३३ | २०५१/१२/१५ | बाग्लुङ्ग |
| ६९ | बुर्तिवाङ्ग | रीता कुमारी बुढा मगर | भिम बहादुर बुढा मगरख | पुर्ण बहादुर बुढा मगर | निसी ६, बाग्लुङ्ग | निसीखोला ६, बाग्लुङ्ग | ५०२०५९।१४२०९ | २०७१/०९/०१ | बाग्लुङ्ग |
| ७० | बुर्तिवाङ्ग | शान्ती बुढा | बसन्त बुढा | लाल बहादुर बुढा | निसी ६, बाग्लुङ्ग | निसीखोला ६, बाग्लुङ्ग | ५०.०५.७५.०२८०३ | २०७७/११/२६ | बाग्लुङ्ग |
| ७१ | बुर्तिवाङ्ग | मोनिका बुढा मगर | टेक बहादुर बुढा मगर | ओम बहादुर बुढा मगर | निसी ६, बाग्लुङ्ग | निसीखोला ६, बाग्लुङ्ग | ५०.०५.७६.०१९९४ | २०७६/०७/२५ | बाग्लुङ्ग |
| ७२ | बुर्तिवाङ्ग | दिल कुमारी रोका | लक्षु रोका | जेमलाल रोका | निसीखोला ३, बाग्लुङ्ग | निसीखोला ३, बाग्लुङ्ग | ५०.०५.७५.००८६९ | २०७५/०३/२९ | बाग्लुङ्ग |
| ७३ | बुर्तिवाङ्ग | जानमाया श्रीस घर्ती मगर | रोशन घर्ती मगर | वेक बहादुर घर्ती | ढोरपाटन २, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ५०२०५९।१९२ | २०७३/०७/३० | बाग्लुङ्ग |
| ७४ | बुर्तिवाङ्ग | राम कुमारी कामी | शिव लाल कामी | सेरे कामी | देविस्थान ८, बाग्लुङ्ग | निसीखोला ३, बाग्लुङ्ग | ५०३०५६।६४२ | २०६३/१०/१५ | बाग्लुङ्ग |
| ७५ | बुर्तिवाङ्ग | निता घर्ती मगर | हिकमत घर्ती मगर | दिल्धर घर्ती | निसीखोला ५, बाग्लुङ्ग | निसीखोला ५, बाग्लुङ्ग | ५०.०५.७६.०१७४९ | २०७६/०४/०५ | बाग्लुङ्ग |
| ७६ | बुर्तिवाङ्ग | दिपा गौतम | रेम बहादुर गौतम | खिम बहादुर गौतम | अधिकारीचौर १, बाग्लुङ्ग | अधिकारीचौर १, बाग्लुङ्ग | ५०२०५७।१६०६ | २०७२/०७/०१ | बाग्लुङ्ग |
| ७७ | बुर्तिवाङ्ग | बाग्मति कुंवर | होम बहादुर कुंवर | बलविर कुंवर | अधिकारीचौर ९, बाग्लुङ्ग | ढोरपाटन २, बाग्लुङ्ग | ३२९०।५५६६ | २०४५/०१/१० | बाग्लुङ्ग |
| ७८ | बुर्तिवाङ्ग | बमिता घर्ती मगर | भिम बहादुर घर्ती मगर | जित बहादुर घर्ती मगर | तमानखोला २, बाग्लुङ्ग | तमानखोला २, बाग्लुङ्ग | ५०.०५.७५.००६५४ | २०५७/०२/३१ | बाग्लुङ्ग |
| ७९ | बुर्तिवाङ्ग | थम कुमारी बि क | जित बहादुर बि क | गन राम कामी | बोगादोभान ५, बाग्लुङ्ग | तमानखोला १, बाग्लुङ्ग | ५०३०५२.५२९ | २०६३/१२/०३ | बाग्लुङ्ग |
| ८० | वामीटक्सार | लालमाया थापा | प्रेम बहादुर थापा | मन बहादुर थापा | बडिगाड ५, बाग्लुङ्ग | बडिगाड ५, बाग्लुङ्ग | ५०३०४२/५८९ | २०६३/११/१४ | बाग्लुङ्ग |
| ८१ | वामीटक्सार | यमु श्रीस | छबिलाल श्रीस | भीम बहादुर श्रीस | बडिगाड ८, बाग्लुङ्ग | बडिगाड ८, बाग्लुङ्ग | ५०३०४५/४८२ | २०६३/१०/१७ | बाग्लुङ्ग |
| ८२ | वामीटक्सार | तारा कुमारी कार्की | लिलाधर खडका | थानेश्वर खडका | बडिगाड ५, बाग्लुङ्ग | बडिगाड ५, बाग्लुङ्ग | ३/१५५७ | २०६०/०९/२७ | बाग्लुङ्ग |
| ८३ | वामीटक्सार | मिन कुमारी घर्ती | टिकाराम घर्ती | चिन्तामणी घर्ती | गल्कोट न.पा. ११, बाग्लुङ्ग | गल्कोट नपा ११, बाग्लुङ्ग | ५०३०४१/९८ | २०६३/१०/०३ | बाग्लुङ्ग |
| ८४ | वामीटक्सार | धनमाया रसाईली | मोहन रसाइली | गुडा बहादुर कामी | बडिगाड ४, बाग्लुङ्ग | बडिगाड ४, बाग्लुङ्ग | ५०३०४५/१५९ | २०७०/०२/२५ | बाग्लुङ्ग |
| ८५ | वमिटक्सार | हुमा बलामी | खिम बहादुर दर्जी | दिले दमाइ | बडिगाड १, बाग्लुङ्ग | बडिगाड १, बाग्लुङ्ग | ३/२३०१ | २०६०/९/२८ | बाग्लुङ्ग |

# पर्यटकको प्रतीक्षामा टिटीताल

रासस
म्याग्दी, २ पुस

मुस्ताङको थासाङ गाउँपालिका-५ मा रहेको टिटीताल पर्यटकका पर्खाइमा छ । सडक यातायातको असुविधा र प्रचारप्रसारको कमीले टिटीताल ओझेलमा परेको हो ।

समुद्री सतहबाट दुई हजार छ सय ७९ मिटर उचाइमा रहेको लाम्चो आकारको तालको धार्मिक, पर्यटकीय र जैविक महत्व छ । टिटीका बासिन्दा धिरेन्द्र विश्वकर्माले मुस्ताङ आउनेमध्ये पाँच प्रतिशत पर्यटक पनि टिटीतालमा आउन नसकेका बताउनुभयो । "वार्षिक चार लाखभन्दा बढी पर्यटक भित्रने मुस्ताङ आउनेमध्ये कमै मात्र पर्यटक टिटीतालमा आउँछन्", उहाँले भन्नुभयो, "टिटीताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सक्ने होभने पर्यटकको बसाइ लम्ब्याउन सकिने थियो ।" दैनिक हजारौँ पर्यटक आवतजावत गर्ने बेनी-जोमसोम सडकको लेते र कोखेठाटीबाट पाँच किलोमिटरभित्र रहेको टिटीताल सुनसान छ । लेते-कुञ्जो-टिटी-धम्पु-सिर्खुम जोड्ने १० किलोमिटर सडक, धम्पु र लेतेस्थित कालीगण्डकी नदीमाथि मोटरेबल पुल निर्माण हुने होभने पर्यटक आगमन बढ्ने विश्वकर्माले बताउनुभयो । हाल बेनी-जोमसोम सडकअन्तर्गत लेते छ्यो, धम्पु र सिर्खुमबाट झोलुङ्गे पुलमा मोटरसाइकल तार्ने अथवा पैदलयात्रा गरेर टिटीताल घुम्न जाने गरेका छन् । धवलागिरि र निलगिरि हिमालको बीच भागमा टिटीताल



रहेको छ । तालको चारैतिर सल्ला र धुपीका रुखको जङ्गल छन् । शान्त वातावरण, विभिन्न प्रजातिका चराको बासस्थान, पृष्ठभूमिको हिमाल र काललाई एकैपटक अवलोकन गर्न पाउनु टिटीतालको विशेषता हो । टिटी मुस्ताङमा रहेकामध्ये सबैभन्दा ठूलो ताल पनि हो । बेनी नगरपालिका-१० पाल्लेखेतका सागर परियारले पछिल्लो एक वर्षमा तीनपटक टिटीताल घुम्न पुगेको बताउनुभयो । "बिहान धवलागिरिमा सूर्योदय र साँझमा निलगिरि हिमालमा सूर्यास्त हुँदा देखिने दृश्य मनमोहक हुन्छ", उहाँले भन्नुभयो, "हाँसको बथान रमाइरहेको तालको एकातर्फबाट निलगिरि र अर्कातर्फबाट धवलागिरि हिमाल देख्न पाइन्छ ।" अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले गरेको अध्ययनअनुसार टिटीताल क्षेत्रमा एक सय ८६ प्रजातिका चराको बासस्थान छ । यो तालमा 'मालार्ड' प्रजातिको हाँसको बासस्थान रहेको मुस्ताङ डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले बताउनुभयो । उहाँका अनुसार मालार्ड प्रजातिको हाँस नेपालका अन्य ठाउँमा पाइँदैन । त्यसैले टिटीताल जैविक हिसाबले पनि महत्त्वपूर्ण मानिएको वन अधिकृत रानाभाटले बताउनुभयो । मानिस र अन्य जनावरको पहुँच नभएको तालको बीच भागमा रहेको थुम्काहरूमा हाँसले गुँड बनाएका छन् । तालको कुनातर्फ रहेको थानमा हरेक वर्षको जनैपूर्णिमाका दिन मेला लाग्ने गर्छ । जनैपूर्णिमाका दिन टिटीतालमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको स्थानीय विकास गौचनले बताउनुभयो । थासाङ गाउँपालिका, गण्डकी प्रदेश सरकार, सङ्घीय सरकारको पर्यटन बोर्ड र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले ताल संरक्षण, पूर्वाधार निर्माण र प्रचारप्रसारमा जोड दिएको थासाङ गाउँपालिकाका उपाध्यक्ष सोमल हिराचनले बताउनुभयो । गाउँपालिका र पर्यटन मन्त्रालयको साझेदारीमा तालको वरपर रेलिङसहितको पदमार्ग, प्रतिक्षालय, सार्वजनिक शौचालय निर्माण भएको छ । टिटीसहित वडा नम्बर २ कोवाङको भूगोलमा पर्ने भुछर्तो र सेकुङताल तथा गुरुसाम्पुक गुफामा पनि पूर्वाधार निर्माण भएको छ । यसअघि तालको पानी निस्कने ठाउँमा बाँध बनाएर क्षेत्रफल बढाइएको थियो । एक्यापले ताल परिसरमा पर्यटक बस्नका लागि फलामको बेञ्च र फोहर व्यवस्थापन गर्ने डस्टविन राखेको छ । ताल नजिकैको टिटीगाउँमा थकाली र दलित समुदायका २० घरपरिवारको बसोबास छ । पर्यटकको सुविधाका लागि तीनवटा होटल तथा रेष्टुरेष्ट छन् । टिटीताल नजिकै तेजोडाडामा रहेको हिमालयन प्याराडाइज होटलका सञ्चालक दीपक गौचनले पाहुनालाई अर्ग्यानिक तरकारी र खानाका परिकार खुवाउने गरिएको बताउनुभयो । मुस्ताङको सबैभन्दा उर्वर जमिन भएको कुञ्जो र ताक्तुङ गुरुङ समुदायको उद्गम थलो मानिन्छ । कुञ्जोबाट कास्की, लमजुङ, गोरखालगायत जिल्लामा गुरुङ समुदाय बसाइँसराइ गरेर गएका गौचनले बताउनुभयो । टिटीताललाई सिमसार क्षेत्रमा सूचीकृत गर्न, बीच भागमा थुप्रिएको झार हटाउन, छ्यो र कालोपानीस्थित कालीगण्डकी नदीमा निर्माणाधीन मोटरेबल पुल तथा छ्यो-कुञ्जो-ताक्लु-टिटी-धम्पु-सिर्खुम सडक आयोजनालाई पूर्णता दिन स्थानीयवासीले माग गरेका छन् । साथै कोखेठाटीमा मोटरेबल पुल निर्माणको पनि माग गरेका छन् ।

# म्याग्दीमा बगैँचाबाटै सुन्तला बिक्री

पोखरापत्र संवाददाता
बेनी, २ पुस

मालिका गाउँपालिका-७ बिमका किसानलाई बगैचाबाट सुन्तला बिक्री हुन थालेपछि बजार खोज्नुपर्ने झन्झट हटेको छ । बिमका विभिन्न टोलबस्तीमा व्यावसायिक सुन्तलाखेती गरेका किसानलाई अहिले सुन्तला बिक्री गर्न भ्याइनभ्याई छ ।

उत्पादन भएको सुन्तला खरिदका लागि व्यवसायीहरू बगैचामा आउन थालेपछि आफूहरूलाई उत्पादन भएको सुन्तालका लागि बजार र ग्राहक खोज्नुपर्ने झन्झट हटेको बिमको दुलेका स्थानीय किसान कृष्ण शर्माले बताउनुभयो । "अहिले काठमाडौँका व्यवसायीले बगैचाबाटै सुन्तला खरिद गरेर लगेका छन्, गाउँका सबैजसो बगानमा सुन्तला खरिदका लागि व्यवसायी आइपुगेका छन्", उहाँले भन्नुभयो ।

यहाँका किसानले प्रतिकिलो रु ६५ मा सुन्तला बिक्री गरेका छन् । शर्माले मात्रै यस वर्ष रु दुई लाख बढीको सुन्तला बिक्री गर्नुभएको छ । उहाँका बगानमा एक सय बढी सुन्तलाका बोट छन् ।

गाउँमा मोटरबाटोको सुविधा पुगेपछि स्थानीयलाई सुन्तला बिक्रीका लागि बजार खोज्नुपर्ने बाध्यता हटेको हो । मोटरबाटो पुग्नुअघि स्थानीयले डोकोमा बोकेर छिमेकी गाउँ



र दरबाङ बजारसम्म पुर्‍याएर सुन्तला बिक्री गर्दै आएका थिए । पछिल्ला केही वर्षयता बगानबाट सुन्तला बिक्री हुन थालेपछि यहाँका किसान व्यावसायिक सुन्तलाखेतीमा लागेका छन् । हरेक वर्ष सहरी क्षेत्रबाट व्यवसायी सुन्तला खरिदका लागि पेश्की रकम लिएर गाउँमा पुग्ने गरेका छन् । बिमको अर्कला, नराले, ओखलढुङ्गा, दुले, टुनीबोट, नौमाने, भारबाङ, खारलगायत क्षेत्रमा व्यावसायिक रूपमा सुन्तलाखेती विस्तार भइरहेको छ । सुन्तलाखेतीबाट आम्दानी राम्रो हुन थालेपछि अन्नबाली लगाउनुको साटो सुन्तलाखेती विस्तार गरेको स्थानीय भीमप्रसाद विकले बताउनुभयो । "विदेश गएर दुःख गर्नुभन्दा आफ्नै गाउँमा सुन्तला रोप्न सक्योभने त्यसबाट राम्रो आम्दानी गर्न सकिन्छ, उत्पादन भएको सुन्तलाको ग्राहक खोज्नुपर्ने बाध्यता पनि छैन, मैले यसै वर्ष थप नयाँ जग्गामा समेत सुन्तला विस्तार गर्ने योजना बनाएको छु", उहाँले भन्नुभयो ।

यस क्षेत्रका किसानले सुन्तलाखेतीबाट रु ५० हजारदेखि आठ लाखसम्म कमाई गरेका छन्भने गाउँमा वार्षिक लाखौँ रुपैयाँ भित्रने गरेको छ । जिल्लामा उत्पादन भएको सुन्तला पोखरा, काठमाडौँ, बुटवल, भैरवालगायत ठूला सहरमा खपत हुने गरेको छ । व्यावसायिक सुन्तलाखेती भएका अधिकांश बगौचामा खरिदकर्ता आफैँ पुग्न थालेपछि किसानलाई सुन्तलाको बजार अभाव नहुने र ढुवानीलगायत झन्झट पनि हटेको छ ।

# ग्रामीण महिलाको आयआर्जनको माध्यम बन्दै कोदो

पोखरापत्र संवाददाता
म्याग्दी, २ पुस



म्याग्दीको रघुगंगा गाउँपालिका-६ की हिमा छन्त्यालले यस वर्ष चारमुरी कोदो बेचेर रु १७ हजार आम्दानी गर्नुभयो। छन्त्यालले गत असारमा रु चार हजार खर्च गरेर बाँझो बारीमा कोदोखेती गर्नुभएको थियो।

वर्षौंदेखि बाँझिएको बारीमा खनजोत, मल र खेतालाका लागि असारमा रु चार हजार खर्च गर्नुभएकी छन्त्यालले रु ३० हजार बराबरको सात मुरी कोदो उत्पादन भएको बताउनुभयो । उत्पादन भएको कोदोमध्ये चार मुरी बिक्री गरेर तीन मुरी घरायसी प्रयोजनका लागि राख्नुभएकी उहाँले बाँझो रहेको आफ्नो सबै बारीमा अर्को वर्षदेखि कोदोखेती गर्ने बताउनुभयो ।छन्त्याल मात्रै होइन पछिल्लो समय म्याग्दीका कृषक कोदोखेतीतर्फ आकर्षित हुँदै गएका छन् । माग बढेसँगै आम्दानी पनि वृद्धि हुँदै गएपछि ग्रामीण भेगका महिला कृषक कोदोखेतीतर्फ आकर्षित भएका हुन् । राम्रो मूल्य पाउने र उत्पादन गर्न पनि सजिलो भएकाले कोदोखेतीतर्फ आकर्षण बढेको रहेको जिल्ला कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । ग्रामीण क्षेत्रका पाखो जमिन कोदोखेतीका लागि निकै उपयुक्त मानिन्छ । कोदोमा मानव स्वास्थ्यका लागि अत्यावश्यक पौष्टिक तत्व भरपुर मात्रामा पाइन्छ । त्यसकारण बेनी, पोखरा, काठमाडौं लगायतका सहरी क्षेत्रमा कोदोको माग बढेको मंगला गाउँपालिका-४ की गौमती विकले बताउनुभयो।

कोदोखेती विस्तार र संरक्षणमा सम्बन्धित स्थानीय तहले नै आवश्यक सहयोग तथा बजारीकरणको प्रबन्ध मिलाउन थालेपछि कोदोखेतीतर्फ आकर्षण बढ्दै गएको कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । गाउँका महिला कोदोखेतीतर्फ आकर्षित भएपछि स्थानीय तहहरूले पनि कोदोखेतीतर्फ प्रोत्साहित गर्न सहुलियत र अनुदानका विभिन्न कार्यक्रम विस्तार गर्न थालेका छन्। सहरबजारबाट कोदोको माग आउन थालेपछि वर्षौंदेखि बाँझो रहेको जग्गामा कोदोखेती विस्तारका लागि किसानलाई सहयोग गर्ने गरेको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवि घर्ती मगरले बताउनुभयो। "कोदो घरेलु मदिरा उत्पादन र सहरबजारमा खानाका लागि प्रयोग हुँदै आएको छ, पछिल्लो समय सहरबजारबाट कोदोको माग अत्यधिक हुन थालेपछि यहाँका किसानहरूले भनेको मूल्य पाएका छन्", उपाध्यक्ष मगरले भन्नुभयो, "गाउँपालिकाले पनि कोदोखेतीलाई प्रोत्साहित गरेको छ, कोदोको मदिरालाई ब्राण्डिङगरी बजारीकरणका लागि पनि छलफल भइरहेको छ ।" आफूले उत्पादन गरेको कृषि उपजले बजार पाए पछि यहाँका किसान पनि खुसी भएका मालिका-१ निस्कोटका वडाध्यक्ष टंकप्रसाद पुनले बताउनुभयो । महिलाहरू आम्दानीसँग जोडिएपछि गाउँको आर्थिक अवस्था पनि सबल बन्दै गएको स्थानीय जनप्रतिनिधिको भनाइ छ । तीन वर्ष अघिसम्म प्रतिपाथी रु ६० मा पनि बिक्री नहुने कोदो अहिले रु दुई सय प्रतिपाथी बिक्री हुन थालेको किसान लक्ष्मी पुनले बताउनुभयो । प्रदेश र स्थानीय सरकारले समेत स्थानीय उत्पादनको बजार व्यवस्थापन र व्यावसायिकरणका लागि ठोस योजना नै बनाएर प्रोत्साहित गर्ने हो भने कोदो म्याग्दीका किसानको राम्रो आम्दानीको स्रोत बन्न सक्ने पश्चिम म्याग्दीको दरबाङ बजारका व्यवसायी अमृत सापकोटाले बताउनुभयो।म्याग्दीका छ वटै स्थानीय तहमा कोदोको राम्रो उत्पादन हुन्छ। थोरै बिउमा समेत धेरै उत्पादन गर्न सकिने कोदो पाखो जमिनमा लगाउने गरिन्छ । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा दुई हजार ७५० हेक्टर क्षेत्रफलमा कोदोखेती हुँदै आएकामा गत वर्षदेखि बाँझो जग्गामा पनि किसानले कोदोखेती विस्तार गर्न थालेका छन् । गाउँगाउँमा सञ्चालित होमस्टे (घरवास) मा पनि कोदोको परिकारलाई प्राथमिकतामा राख्ने गरेको पाइएको छ। उत्पादित कोदो बिक्री गर्नाका साथै घरेलु मदिरा उत्पादन गर्ने, ढिँडो र रोटी बनाएर खान बजारमा माग बढिरहेको बताइएको छ।

# बन्दीपुर भ्रमण वर्षको प्रचारप्रसार गर्दै गाउँपालिका

पोखरापत्र संवाददाता
दमौली, २ पुस



जिल्लाको बन्दीपुर गाउँपालिकाले बन्दीपुर भ्रमण वर्ष २०२५ सफल बनाउन प्रचारप्रसार र प्रवर्द्धन सुरु गरेको छ। बन्दीपुर भ्रमण वर्ष सफल पारी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पालिकाले अभियान सञ्चालन गरेको हो।

गाउँपालिकाको नेतृत्वमा काठमाडौँमा विभिन्न सङ्घसंस्था, प्रतिष्ठित व्यक्तिहरूसँग भेटघाट गरी भ्रमण वर्ष सफल बनाउन छलफल गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द थापाले बताउनुभयो। पालिकाका अध्यक्ष थापाको नेतृत्वमा उपाध्यक्ष पञ्चमाया गुरुङ, पर्यटन शाखा प्रमुख सुरज भट्टराई, बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक वैश गुरुङ, राजु बानियाँलगायत प्रतिनिधिको टोली काठमाडौँ पुगेको उहाँले उल्लेख गर्नुभयो । काठमाडौँमा विभिन्न तहका व्यक्ति, सङ्घसंस्थाका प्रतिनिधिलगायत व्यक्तिसँग अन्तरक्रिया गर्नुका साथै भ्रमण वर्षको प्रचारप्रसार गरी पर्यटन प्रवर्‌द्धन गर्न सहयोगका लागि अनुरोध गरिएको अध्यक्ष थापाले बताउनुभयो । थापाका अनुसार बन्दीपुरलाई देश तथा विदेशमा परिचित गराउन उक्त वर्षभरि यहाँ पर्यटन प्रवर्द्धनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । काठमाडौँ, पोखरा, चितवन, लुम्बिनीलगायत देशका मुख्य सहरहरूमा पुगेर बन्दीपुरको प्रचारप्रसार गरिने उहाँले जानकारी दिनुभयो। प य ॅ ट न ल ा इ ॅ आम्दानीको स्रोत बनाएर स्थानीयको जीवनस्तर उकास्न पनि यो कार्यक्रम प्रभावकारी हुने भन्दै यसमा सबैको सहयोग आवश्यक पर्नेमा अध्यक्ष थापाले जोड दिनुभयो। उहाँले भन्नुभयो, "विशेष संरक्षित क्षेत्र तथा पौराणिक सहरका रूपमा रहेको बन्दीपुर बजारलाई थप आकर्षित बनाउँदै पौराणिकता झल्किने कार्यक्रम सञ्चालन हुनेछन् ।" गण्डकी प्रदेशको पोखरापछि प्रमुख पर्यटकीय गन्तव्य बन्दीपुरका छ वटै वडाका पर्यटकीय स्थलको दिगो विकासका लागि पर्यटकीय केन्द्र बनाउने योजना रहेको थापाको भनाइ छ। उहाँले भन्नुभयो, "यहाँ प्याराग्लाडिङ, जिपलाइनलगायत सहासिक खेलहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।" थापाले गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूमा क्रमशः आउटडोर जिमको विस्तार गरिने तथा पर्यटन क्षेत्रहरूमा रहेका प्राकृतिक शिलाहरूलाई थप आकर्षक बनाइने लक्ष्य राखिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाभित्र रहेका पौराणिक चौतारा ठाँटी एवं बगैँचाहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ । बन्दीपुरको २५ पोखरी ताल पार्कको निर्माण चालु आर्थिक वर्ष सुरुवात गर्नुका साथै बृहत् झप्री फाँट जलाशय र देवी थुम्का जलाशय निर्माणको सम्भाव्यता अध्ययन अगाडी बढाउने छौँ ।" अध्यक्ष थापाले पालिकाले बन्दीपुर आउने विदेशी पर्यटकको सहजताका लागि यहाँका गन्तव्यस्थलबारे जानकारी दिने उद्देश्यले नौ भाषामा जानकारीमूलक सामग्री तयार गरिसकिएको बताउनुभयो। गाउँपालिकाले नेपाली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, स्पेनिस, सिन्हला र थाइ भाषामा बन्दीपुरका बारेमा जानकारीमूलक सामग्री तयार गरिएको उहाँले जानकारी दिनुभयो।

खड्गदेवी, थानीमाई र महालक्ष्मी मन्दिर, सिद्धगुफा, मणिमुकुन्द सेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्विटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस, अर्जेन्टिनालगायत मुलुकबाट पर्यटक आउने गरेका बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिनुभयो। भ त्तपु र शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरू यहाँ आउने पर्यटकहरूका लागि आकर्षणको केन्द्रबिन्दु रहेका उहाँले बताउनुभयो। सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किमी उकालो यात्रा हिडेपछि बन्दीपुर पुगिन्छ। यहाँबाट मनोरम हिमश्रृङ्खला, पहाड, टाकुरालगायत प्राकृतिक सुन्दरता अवलोकन गर्न सकिन्छ। प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमश्रृङ्खला देखिने भएकाले यहाँ बाह्य पर्यटक आउने गरेका समितिका अध्यक्ष प्रधानले उल्लेख गर्नुभयो।

# कर्मफ्लाइट्सद्वारा रुकुम पुर्वीका बालबालिकालाई न्यानो ज्याकेट र शैक्षिक सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, २ पुस




कर्मफ्लाइट्स फाउन्डेसन नेपाल, एसडब्लूएन र मेटल फर नेपालको आर्थिक साझेदारी, कर्मफ्लाइट्सको व्यवस्थापन तथा पुथा उत्तरगङ्गा गाउँपालिकाको समन्वयमा हिमाली जिल्ला रुकुम (पूर्वी भाग) का पुथा उत्तरगङ्गा गाउँपालिकाका २२ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई गत डिसेम्बर ५ देखि १७ तारिखसम्म विद्यालायमै पुगेर न्यानो ज्याकेट वितरण सम्पन्न गरिएको छ ।

विद्यार्थीको पठन अभियानमा सहजीकरण गर्न न्यानो ज्याकेट परियोजना सञ्चालन गरिदै आएको कुरा संस्थाका कार्यक्रम निर्देशक प्रेमबहादुर कुँवरले बताएका छन् ।

यो बर्षको न्यानो ज्याकेट परियोजना अन्तर्गत जनप्रिय आवि घुम्लिबाङमा १०१ जना, उत्तरगङ्गा आवि उपल्लोसेरामा ९१ जना, जनता आवि तल्लोसेरामा २० जना, ज्योति आवि फल्नैमा २३ जना, दुर्गा आवि गर्खानीमा ४३ जना, पर्वत मावि कोलमा २८८ जना, पहाडी आवि छमारीमा १६ जना, जनसेवा आवि गोलखाडामा ५५ जना, डिग्रे आवि पानीचौरमा ४८ जना, सिद्धमण्डली माविमा ३५६ जना, आधारभूत विद्यालय नाखामा ८० जना, सानोभेरी आधारभूत विद्यालय खारखोलामा ७३ जना, जनसहयोग मावि रिवाङचौरमा २२० जना, सृजनशील बालविकास केन्द्र खराङमा १९ जना, लालपाटन आवि चुमामा ३६ जना, बालकल्याण आवि घरेलुटाकुरामा २९ जना, आधार भुत विद्यालय घुर्बाङमा २९ जना, जनज्योति मावि जाङमा १७१ जना, बालविकास जुनाङमा ५ जना, मनराज बालविबास हिममा ५ जना, तातोपानी आवि गुइबाङमा ८ जना र नियमित छात्रवृत्ति पाउनेतर्फ पुथा मावि मैकोटमा १७ जना गरेर जम्मा १७३३ जना विद्यार्थीलाई न्यानो ज्याकेट वितरण गरिएको थियो।

ज्याकेट वितरण को संयोजन संस्थाका रुकुम (पूर्व) जिल्ला सम्जोजक कर्मसहि घर्ति मगरको अगुवाईमा नेपाल तथा बिदेशका १८ जना स्वयम् सबक टोलिले १० दिन लगाएर तितरण गरेको थियो। न्यानो जकेट कार्यक्रममा मात्र यो बर्ष २२ लाख ५३ हजार खर्च गरिएको संस्थाले जानेको छ। वितरण कार्यक्रमको समुद्घाटन पुथ उत्तरगंगा गाउँपालिकाका नबनिर्वाचित उपाध्यक्ष नर पुरा घर्ति र मेटल फर नेपालका फ्लावर केसीले संयुक्तरुपमा कोल गाउँबाट गरेका थिए भने वडा नं १४ का वडा अध्यक्ष द्रवेश बुढा मगरले सिद्धमण्डली माविमा न्यानो ज्याकेट वितरण कार्यक्रमा बोल्दै 'राज्यले गर्न नसकेको काम कर्मफ्लाइट्स मार्फत भएको हुँदा स्थानीय तहलाई विकास निर्माणमा ठूलो सहयोग भएको' बताएका थिए । बालकल्याण आवि घरेलुटाकुराका प्रअ अर्जुन बुढाक्षेत्रीले 'न्यानो ज्याकेट तथा पुस्तकालयको लागि पुस्तक वितरण कार्यक्रम यो विद्यालयमा पहिलो पटक भएको र यस्तो कार्यक्रम पहिला प्रदेश मुख्यमन्त्री कार्यक्रम मार्फत हुने भनिए पनि कहिल्यै नभएको' गुनासो गरेका थिए। यसै सन्दर्भमा कर्मफ्लाइट्स फाउन्डेसन पोखरा कास्कीले लुम्बिनी प्रदेश रुकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं ८ मा रहेका ३ वटा विद्यालय वडा नं ७ को १ विद्यालयमा पुस्तकालयको लागि पुस्तकहरू वितरण गरिसकेको छ। अब थप ५ वटा बिद्यालयमा पुस्तकालय स्थापना भैसकेपछि सबै ४६ वटै बिद्यालयमा एक बिद्यालय एक पुस्तकालय कार्यक्रम सम्पन्न हुने कुरा स्थानिय अभियन्ता कर्मसही घर्ति मगरले जानकारी दिए । आफ्नो स्थापनाकालदेखि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा थुप्रै कामकार्य गरिआएको कर्मफ्लाइट्स फाउन्डेसनले 'एक विद्यालय, एक पुस्तकालय' कार्यक्रम मार्फत पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं ८ मा रहेका जनसहयोग मावि रिवाङचौर, लालपाटन आधारभूत विद्यालय चुमा र बालकल्याण आधारभूत विद्यालय घरेलुटाकुरा र वडा नं ७ मा रहेको आधारभूत विद्यालय खारखोलामा पुस्तकालय स्थापनार्थ पुस्तक वितरण गरेको कुरा कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले बताए।

साथै यस अगाडी संस्थाले ११ वटा बिद्यालयहरुमा एस्ट्रो क्याम्प सहित टेलिस्कोप प्रदान गरेकोमा पोखरा एस्ट्रोनोमिक सोसाइटिको सक्रियता मा पुनः ति विद्यालयमा एस्ट्रो क्याम्प र आकास मा तारा अबलोकन गरिएको थियो भने सबै विद्यालायाहरुमा जाडोमा बच्न के कस्ता सावाधानीहरु अपनाउने तथा आधारभूत प्राथमिक उपचार लगायतको बिषयमा संग्लग्न स्वास्थ्यकर्मीबाट स्वास्थ्य शिक्षा कार्यक्रम पनि संग सँगै संचालन गरिएको थियो।

# सालझण्डी-ढोरपाटन खण्डः १४ वर्षमा ३० प्रतिशत काम

पोखरापत्र संवाददाता
बागलुङ, २ पुस



सालझण्डी-ढोरपाटन खण्ड आयोजनाको काम १४ वर्षमा ३० प्रतिशत मात्र सम्पन्न भएको छ । पहाडी जिल्लालाई तराईसँग जोड्नका लागि विसं २०६७ देखि सुरु भएको आयोजनाको कामले गति लिन नसकेको हो।

रुपन्देहीको सालझण्डीबाट सुरु भएको सडकले पाल्पा, अर्घाखाँची, गुल्मी र बागलुङगरी पाँच जिल्लालाई जोडेको छ। नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जोड्ने मुख्यमार्गका रूपमा रहेको यस खण्डको ट्र्याक खुलेदेखि स्तरोन्नति हुन नसकेको हो । सालझण्डीबाट ढोरपाटनसम्म एक सय ९७ किलोमिटर लामो यस खण्डअन्तर्गत हालसम्म १८ किमी मात्रै कालोपत्र भएको आयोजना कार्यालयले जनाएको छ । सोमध्ये रुपन्देहीमा चार दशमलव पाँच किमी र अर्घाखाँचीमा १३ दशमलव पाँच किमी मात्रै सडक कालोपत्र भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयकी सूचना अधिकारी इञ्जिनियर कृष्टिना थापाले जानकारी दिनुभयो। अहिले पाँचवटै जिल्लाका विभिन्न खण्डमा ग्राभेलिङसहित काम भइरहेका उहाँले बताउनुभयो । इञ्जिनियर थापाका अनुसार बागलुङको बुर्तिबाङबाट फल्लेघरसम्मको २२ किमी ग्राभेल हुँदैछ भने रुपन्देही र पाल्पाको खण्डअन्तर्गत कञ्चनखोलाबाट खुर्सानेसम्म १३ दशमलव पाँच किमी कालोपत्र भइरहेको छ। उहाँले पाल्पाको खुर्सानेबाट अर्घाखाँचीको पतौटसम्मको २२ किमी सडक पनि कालोपत्र भइरहेको जानकारी दिनुभयो । त्यस्तै अर्घाखाँचीको माटेबाट भण्डारासम्म सात किमी, गुल्मीको पुर्कोटदहबाट सिर्सेनीसम्मको १९ किमी, सिर्सेनीबाट गुल्मीको अर्खबाङसम्मको आठ दशमलव दुई किमीसडक कालोपत्र भइरहेको थापाले उल्लेख गर्नुभयो। अर्घाखाँचीमा १८, गुल्मी र बागलुङ सात/सात गरी ३२ किमी सडक स्तरोन्नतिको काम अझै सुरु हुन नसकेको उहाँले बताउनुभयो । पर्याप्त बजेट नआउँदा आयोजनाको प्रगति कम भएको उहाँको भनाइ छ। ट्र्याक खुलेको लामो समयसम्म सडक स्तरोन्नति नहुँदा ढोरपाटन पुग्ने आन्तरिक तथा बाह्य पर्यटकले सास्ती खेप्नुपरेको ढोरपाटन-९ का बमबहादुर सुनारले बताउनुभयो। साँघुरो सडक, खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारीसाधन बीच बाटोमा बिग्रिने हुँदा अलपत्र पर्ने गरेका उहाँको भनाइ छ।

बर्खाको समय ठप्प हुने भन्दै हिउँदको समयमा पनि यातायातका साधन सहज रुपमा सञ्चालन हुन नसक्ने सुनारले बताउनुभयो । "यो विकट ठाउँमा सडक आएपछि ठूलो राहत भए पनि लामो समयसम्म कालोपत्र नहुँदा यहाँका हजारौँ स्थानीय र पर्यटकले दुःख पाउँदै आएका छन् । टाढाटाढाबाट पर्यटक ढोरपाटन घुम्न आउँछन् तर बाटोको दूरावस्थाले गर्दा अर्को पटक आउने योजना सायद बनाउँदैनन्", उहाँले भन्नुभयो।

# दशौँ राष्ट्रिय खेलकुदका लागि तनहुँमा खेलाडी दर्ता फाराम भर्ने म्याद थप

पोखरापत्र संवाददाता
दमौली, २ पुस

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि जिल्लामा खेलाडी दर्ता गर्ने म्याद थप गरिएको छ।

जिल्ला खेलकुद विकास समितिले आज सूचना प्रकाशित गरी विसं २०८१ चैत २३ गतेदेखि ३० गतेसम्म कर्णाली प्रदेशमा सञ्चालन हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी दर्ता गर्ने म्याद थप गरिएको हो। यसअघि खेलाडी दर्ता फाराम भर्ने म्याद विसं २०८१ मङ्सिर ३० गतेसम्म कायम रहेकामा जिल्लाका विभिन्न प्रतिभावान खेलाडीको दर्ता गर्नबाट छुट भएको गुनासो आएपछि यही पुस १ गतेदेखि ९ गतेसम्म म्याद थप गरिएको समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो। फाराम नभर्ने खेलाडीले पालिका, जिल्ला र प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन नपाउने अध्यक्ष पाण्डेले उल्लेख गर्नुभयो । कार्यालयले फुटबल, भलिबल, क्रिकेट, बाँस्केटबल, ब्याडमिन्टन, बक्सिङ, रग्बी (सेभेन ए साइड), शारीरिक सुगठन, भारत्तोलन, टेबलटेनिस, आर्चरी, बुद्धिचाल, ह्याण्डबल, कुस्ती, प्याराग्लाइडिङ, साइक्लिङ, गल्फ, कबड्डी, तेक्वान्दो, आइटिएफ तेक्वान्दो, उसु, जिम्न्यास्टिक्स, लन टेनिस, स्क्वास, जुडो, हक्की, एथ्लेटिक्स, फेन्सिङ, सुटिङ, पौडी, सफ्ट टेनिस, खो खो, कराँते, फुल कन्ट्याक्ट कराँते, सेपाकताको र ट्राइयाथलन खेलका लागि खेलाडी दर्ता आह्वान गरेको छ।